“सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य”

“सहकारीको दिगोपना:स्वनियमन र सुशासन”

नेफस्कून

# हिमचुली

बचत तथा ऋण सहकारी संस्था लि.

HIMCHULI SAVING & CREDIT CO-OPERATIVE LTD.




# ३१ औं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन

# २०७९/०८०

मिति: २०८० असोज २७ गते शनिबार

“उज्जवल भविष्यको लागि नियमित बचत गरौं”

www.himchulisaccos.coop.np


गोरखा नगरपालिका–७, नयाँबजार, गोरखा
Gorkha Municipality-7, Nayabazar, Gorkha
फोन नं.: ०६४–४२०७२३/४२०७२४
himchulisaccos@gmail.com

# सञ्चालक समिति



- श्री रामबाबु श्रेष्ठ — अध्यक्ष
- श्री शुशिल अर्याल — बरिष्ठ उपाध्यक्ष
- श्री ज्ञानु अधिकारी — महिला उपाध्यक्ष
- श्री सहदेव प्र. श्रेष्ठ — सचिव
- श्री प्रेमध्वज थापा — सहसचिव एवं यु.उ.स. संयोजक
- श्री रामचन्द्र आचार्य — कोषाध्यक्ष



- श्री ऋषिराम सापकोटा — सदस्य
- श्री सुमन ज्ञवाली — ऋ.उ. संयोजक एवं सदस्य
- श्री अमृत वि.क. — सदस्य
- श्री केशव वस्नेत — व्य.प्र.उ.संयो. एवं सदस्य
- श्री सरोज अर्याल — सदस्य
- श्री भरत ब. राना — शि.उ. संयोजक एवं सदस्य
- श्री गीता कु. भट्ट — सदस्य

## लेखा सुपरिवेक्षण समिति



- श्री नारायण बाबु श्रेष्ठ — संयोजक
- श्री नवराज उपाध्याय — सदस्य
- श्री विष्णु प्रसाद श्रेष्ठ — सदस्य

## कानुनी सल्लाहकार



- श्री यादव प्रसाद शर्मा

# सल्लाहकारहरु



- श्री गोवर्धन आचार्य
- श्री दिलीप देवकोटा
- श्री पुरुषोत्तम अर्याल
- श्री कृष्णमान श्रेष्ठ
- श्री बद्री बहादुर मास्के
- श्री तुलसादेवी मरहट्टा



- श्री चुन बहादुर बस्नेत — ऋ.उ.स. सदस्य
- श्री भगवान श्रेष्ठ — ऋ.उ.स. सदस्य
- श्री देव प्रसाद खनाल — शि.उ.स. सदस्य
- श्री बल बहादुर कुमाल — शि.उ.स. सदस्य
- श्री मिना कोइराला — म.उ.स. सदस्य
- श्री सुस्मा वि.क. — म.उ.स. सदस्य



- श्री शंकर ब. कुँवर — व्य.प्र.उ.स. सदस्य
- श्री राममाया श्रेष्ठ — व्य.प्र.उ.स. सदस्य
- श्री ईश्वरी प्र. लामिछाने — व्य.प्र.उ.स. सदस्य
- श्री अशोक बाबु राना — व्य.प्र.उ.स. सदस्य

## युवा उपसमिति



- श्री देवेन्द्र श्रेष्ठ — सदस्य
- श्री शंकरमान श्रेष्ठ — सदस्य
- श्री यम ब. बसेल — सदस्य

# व्यवस्थापन तह



- श्री प्रेम कुमार श्रेष्ठ — व्यवस्थापक
- श्री जनक बाबु नेपाली — लेखा तथा ऋण प्रमुख
- श्री कृष्ण कुमार श्रेष्ठ — कार्यालय सहायक
- श्री कल्पना शर्मा श्रेष्ठ — कार्यालय सहायक
- श्री लक्ष्मी बसेल — कार्यालय सहायक
- श्री अनिता श्रेष्ठ — कार्यालय सहयोगी
- श्री भीम प्रसाद कोइराला — चौकीदार

**स.द.नं. :- ३/२/१८/०५०/५१ ०६४-४२०७२३/४२०७२४ पान नं. :- ३०३३४८९८४**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

२०५०

प.स.च.नं. : २०८०/०८१ मिति :- २०८०/०५/१५

**विषय :- क्षेत्रीय साधारण सभामा उपस्थित हुने वारे ।**

श्री........................................................................ ज्यू,

शेयर दर्ता नं. ................ गोरखा नगरपालिका- ........., .............................. गोरखा ।

यस संस्थाको मिति २०८० भदौ ५ गते वसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०८० असोज २७ गते शनिवार सम्पन्न हुने ३१ औं वार्षिक साधारण सभामा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी पारित गर्नु पर्ने भएकोले सो सन्दर्भमा निम्न मिति, समय र स्थानमा हुने क्षेत्रीय स्तरको साधारण सभामा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

| क्र.सं. | मिति | समय/स्थान | क्षेत्र | स्थान |
|---|---|---|---|---|
| १ | २०८० असोज ४ गते विहीवार | विहान ७:०० वजे संस्थाको हल | क्षेत्र नं. १ | गोरखा नगरपालिका वडा नं. ७ को छिपिटोल, नयाँवजार, नयाँ वसपार्क, माथिल्लो वतासे (बिसौनीको मोड हुदै वतासे, गोरखा क्याम्पस रोडदेखि उत्तर तर्फ), सालबोटे, मसार, रमाइलो वस्ती नयाँटोल, धारापानी, वडा नं.-७ तिर पर्ने रोहटेपानी, भाँगावारी, वडा नं.-७ तिर पर्ने सतिपिपल, काडाभ्याङ्ग लगायत ठाउँका सदस्यहरु, |
| २ | २०८० असोज ४ गते विहीवार | दिनको १:०० वजे संस्थाको हल | क्षेत्र नं. ३ | साविकको नारेश्वर गा.वि.स. का सम्पूर्ण भागहरु, (घलाङ्ग, पडेनीचौतारा, रातमाटे, आँपचौर, गाईखुर, होल्सिङ्ग, चिसापानी, भोगटेनी, नारेश्वर, कान्तेस्वाँरा, हुलाकडाँडा, मानेपानी), स्वाँरा, काफलघारी, गैरीकुवा, पदेलथोक, पिपलथोक, वडा नं.- ५ मा पर्ने सतिपिपल, मैदान, वडा नं.-५ मा पर्ने रोहटेपानी, पस्लाङ्ग, अमराई, नाङलेपानी, सानो रिप, ठूलो रिप, शिवटोल (वडा नं. ५ को सम्पूर्ण भागहरु) |
| ३ | २०८० असोज ५ गते शुक्रवार | विहान ७:०० वजे संस्थाको हल | क्षेत्र नं. २ | गोरखा नगरपालिका वडा नं. ७ को खिरेपानी, विसौनी-वतासे-गोरखा क्याम्पस रोडदेखि दक्षिण तर्फको भाग, तल्लो वतासे, पन्थेस्वाँरा, गैरीपिपल, थर्पु, बेलडाँडा, मन्सरे, खत्रीगाउँ, नवज्योति मा. वि. आसपास, माथिल्लो डण्डीडाँडा, तल्लो डण्डीडाँडा, हिलेपोखरी, मधुपानी, मान्द्रेढुङ्गा, गोरखा क्याम्पस गेट वरपरका शेयर सदस्यहरु, |
| ४ | २०८० असोज ५ गते शुक्रवार | दिनको १:०० वजे संस्थाको हल | क्षेत्र नं. ६ | गोरखा नगरपालिका वडा नं. ८ को थाकलडाँडा, रानीश्वाँरा, आँपस्वाँरा, आहाले, कट्टेलडाँडा, आमडाँडा, भुसाल गाउँ, ढुङ्गागाडे, खोलखोले खोलावाट पूर्वतर्फका भागहरु, ठिगुरेस्वाँरा, लक्ष्मीबजार, पिपल बोट अर्थात वडा नं. ९ का सम्पूर्ण भागहरु र वडा नं. १, २ र ४ नं. वडाका शेयर सदस्यहरु समेत |
| ५ | २०८० | विहान ७:०० | क्षेत्र नं. | गोरखा नगरपालिका वडा नं. ६ को सतिपिपल, |

| | | | | |
|---|---|---|---|---|
| | असोज ६ गते शनिवार | वजे संस्थाको हल | ४ | पोखराथोक, सातधुरे, हटियाथोक, गोरखा दरवारदेखि दक्षिण तर्फका भागहरु, दरवार मार्ग, सञ्चार मार्ग, तिनधारे, पाटेचौर, गणेशथान देखि गोदामघर निरको भिमसेन मन्दीरवाट हरमटारी निस्कने ठाडो वाटोदेखि शहिद गेटमा निस्कने मोटर बाटोवाट पश्चिम तर्फका भाग, हरमटारी, प्रशासन चोक, कालीमाटी, विसौनी मोड, भिआइपी टोल, शक्तिचोक, बैंकरोड, पुरानो वसपार्क, पदेली, ठूलोआँगन, छहरे |
| ६ | २०८० असोज ६ गते शनिवार | दिनको १:०० वजे संस्थाको हल | क्षेत्र नं. ७ | गोरखा नगरपालिका वडा नं. १०, ११, १२, १३ र १४ का शेयर सदस्यहरु |
| ७ | २०८० असोज ७ गते आइतवार | विहान ११:०० वजे संस्थाको हल | क्षेत्र नं. ५ | हरमटारीवाट पाटेचौर निस्कने ठाडो वाटोको उत्तर तर्फवाट गणेश थान देखि सरस्वती मार्ग जाने वाटोवाट दूर सञ्चार कार्यालय जाने वाटोदेखि पूर्व पट्टिका भागहरु, भण्डारी गाउँ, सरस्वती मार्ग, रानीवन, रानीवन छापगाउँ, बराहा, खोलखोले खोला देखि पश्चिम तर्फका भागहरु, अस्पताल मार्ग, अर्याल मार्ग, चालिसे चोक, खेलकुद मैदान, हरमटारी (शहिदगेट देखि पूर्व तर्फका भागहरु, आयूर्वेदिक चोक, प्रतिक्षालय, चाइनिज धारा, आलेगाउँ, खल्लुवोटे, चुच्चेढुङ्गा, डुम्रीडाँडा, नौविसे, सिमलगैरी, खाल्टे |
| ८ | २०८०/०६/२७ गते शनिवार, विहान : १०:०० वजे, ३१ औं वार्षिक साधारण सभा, संस्थाको हलमा | | | |

छलफल हुने प्रस्तावित विषयहरु :-

१. संस्थाको नीति तथा कार्यक्रम सहित सचिवको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत र पारित सम्वन्धमा
२. कोषाध्यक्षको आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन र आ.व. २०८०/०८१ को प्रस्तावित बजेट छलफल र पारित सम्वन्धमा
३. आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन छलफल र पारित गर्ने सम्वन्धमा
४. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा
५. संस्थाको आ.व. २०७९/०८० को लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा
६. नीति, कार्यविधि र निर्देशिका निर्माण र संशोधन सम्वन्धमा
७. संस्था एकीकरण गर्ने सम्वन्धमा
८. लेखापरीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने सम्वन्धमा
९. साधारण सभाको निर्णय पूस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि १४ जना चयन गर्ने सम्वन्धमा
१०. विविध

***पुनश्च :*** *साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई यातायात खर्च वापत रु. ५००।- प्रदान गरिनेछ । सट्टामा उपस्थित हुनेको हकमा सो रकम प्रदान गरिने छैन ।*



सहदेव प्रसाद श्रेष्ठ
सचिव

| क्षेत्र नं. १ को क्षेत्रीय समिति | | | |
|---|---|---|---|
| क. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
| १ | ४३५ | संयोजक - श्री शर्मिला वाग्ले आचार्य | ९८४६२५३६९५ |
| २ | ९७ | सचिव - श्री ज्ञानेन्द्र श्रेष्ठ | ९८४६०७०४९४ |
| ३ | १७९ | सदस्य - श्री कृष्ण बहादुर वसेल | ९८४६०५६०२६ |
| ४ | २६६ | सदस्य - श्री ज्ञानलाल श्रेष्ठ | ९८४६०८८१८९ |
| ५ | ३५६ | सदस्य - श्री शान्ता कुमारी श्रेष्ठ | ९८४३५९२८२७ |
| ६ | ११६५ | सदस्य - श्री सीता देवी श्रेष्ठ | ९८४६१८८३१० |
| ७ | १७९० | सदस्य - श्री गोमा गान्धारी | ९८१६१६८३८४ |
| ८ | १९५४ | सदस्य - श्री तुलमायाँ न्यौपाने घिमिरे | ९८४६१५८३९० |
| ९ | २०९८ | सदस्य - श्री कृष्ण बहादुर श्रेष्ठ | ९८४६३७७५०४ |
| क्षेत्र नं. २ को क्षेत्रीय समिति | | | |
| क. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
| १० | ४७ | संयोजक - श्री कबिबाबु खनाल | ९८४६१५७७६३ |
| ११ | १५६५ | सचिव - श्री ईश्वर प्रसाद श्रेष्ठ | ९८४९१४३२३५ |
| १२ | १६५ | सदस्य - श्री कल्पना नेपाली | ९८१५११३४६२ |
| १३ | ४२५ | सदस्य - श्री डोर बहादुर बस्नेत | ९८४६२७०६६८ |
| १४ | ५४७ | सदस्य - श्री सन्त बहादुर रम्तेल | ९८४६१८९२९३ |
| १५ | ९४६ | सदस्य - श्री मोहन श्रेष्ठ | ९८१६१५४७४२ |
| १६ | ११९३ | सदस्य - श्री जीत बहादुर थापा | ९८४६३७९०४९ |
| १७ | १६६९ | सदस्य - श्री सुनिता सिर्मल | ९८१४११२९३० |
| १८ | २६३२ | सदस्य - श्री मिना नेपाली रोका | ९८४६२४६३६९ |
| क्षेत्र नं. ३ को क्षेत्रीय समिति | | | |
| क. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
| १९ | १२७३ | संयोजक - श्री डिल्ली प्रसाद श्रेष्ठ | ९८४६०८९५२७ |
| २० | १२१२ | सचिव - श्री ऋषि श्रेष्ठ | ९८४६१८८९९८ |
| २१ | ४३२ | सदस्य - श्री गणेश बिक्रम अधिकारी | ९८५६०४०९०१ |
| २२ | ६१४ | सदस्य - श्री बल बहादुर थापा | ९८४६४९२२२७ |
| २३ | ६२१ | सदस्य - श्री चेत बहादुर बोगटी | ९८४६४३२६३६ |
| २४ | ११८८ | सदस्य - श्री राधा बोगटी | ९८४६२५४६५३ |
| २५ | १५५२ | सदस्य - श्री चाँदनी थापा मगर | ९८२६१९३०१२ |
| २६ | २१०१ | सदस्य - श्री राम बहादुर थापा | ९८४६१८९९४१ |
| २७ | २५९१ | सदस्य - श्री सूचना श्रेष्ठ | ९८०३३१३४१५ |
| क्षेत्र नं. ४ को क्षेत्रीय समिति | | | |
| क. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
| २८ | ५९ | संयोजक - श्री मञ्जुदेवी अर्याल | ९८४६०३९३२७ |
| २९ | ५६६ | सचिव - श्री अन्जन बाबु खत्री | ९८५६०२१३२६ |
| ३० | ६११ | सदस्य - श्री विष्णु बहादुर थापा | ९८६९०२२२२२ |
| ३१ | ७९३ | सदस्य - श्री तारा शाक्य | ९८४६०९८०९१ |

| | | | |
|---|---|---|---|
| ३२ | ८९३ | सदस्य - श्री विनादेवी श्रेष्ठ | ९८४६०४०८८९ |
| ३३ | ११४२ | सदस्य - श्री शिव कुमार श्रेष्ठ | ९८४६३४८९०८ |
| ३४ | १६२४ | सदस्य - बिदुर बल्लभ भट्टराई | ९८४६२९१२८० |
| ३५ | १६८८ | सदस्य - श्री निलकण्ठ पौडेल | ९८४६०७०४०५ |
| ३६ | १८४६ | सदस्य - श्री थिर भक्त श्रेष्ठ "ख" | ९८४८२५१६२५ |
| **क्षेत्र नं. ५ को क्षेत्रीय समिति** | | | |
| **क. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| ३७ | ९३३ | संयोजक - श्री ईश्वर के. सी. | ९८५६०४०२७२ |
| ३८ | ५५९ | सचिव - श्री सुष्मा श्रेष्ठ | ९८४६०७५२५१ |
| ३९ | १५२ | सदस्य - श्री दिलमान श्रेष्ठ | ९८४६०७४८०४ |
| ४० | ६९३ | सदस्य - श्री पूर्ण कुमारी प्रधान | ९८४६०७०२३३ |
| ४१ | १३७० | सदस्य - श्री रेखा अर्याल | ९८४६०९८७६३ |
| ४२ | १४०८ | सदस्य - श्री मन बहादुर गुरुङ्ग | ९८४६५६५८०० |
| ४३ | १६७८ | सदस्य - श्री इन्दिरा ज्ञवाली न्यौपाने | ९८४६६२८३९१ |
| ४४ | २२६८ | सदस्य - श्री नारायण बहादुर वस्नेत | ९८२७१८१८३४ |
| ४५ | २३३३ | सदस्य - श्री रामजी अछामी | ९८४६५३६५६३ |
| **क्षेत्र नं. ६ को क्षेत्रीय समिति** | | | |
| **क. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| ४६ | २३२७ | संयोजक - श्री शंकर बाबु खत्री | ९८५६०४०९१९ |
| ४७ | २१२९ | सचिव - श्री कृष्णबाबु खत्री | ९८४६१५७७६० |
| ४८ | ११४ | सदस्य - श्री शालिग्राम कट्टेल | ९८४६०८८१२१ |
| ४९ | ११७८ | सदस्य - श्री शारदा उपरकोटी | ९८०५८४६११४ |
| ५० | १२८४ | सदस्य - श्री रीता वस्नेत थापा | ९८४६६००४५१ |
| ५१ | १६६७ | सदस्य - श्री काजी मजकोटी | ९८४६२७०६८४ |
| ५२ | १७६१ | सदस्य - श्री फूलमायाँ रोका उपरकोटी | ९८०६६१५३६३ |
| ५३ | २१५३ | सदस्य - श्री तुल बहादुर बयलकोटी | ९८४६३१२५९७ |
| ५४ | २४३५ | सदस्य - श्री जानकाु बि. क. | ९८१८०८८३२१ |
| **क्षेत्र नं. ७ को क्षेत्रीय समिति** | | | |
| **क. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| ५५ | १३१३ | संयोजक - श्री रामशरण पोखरेल | ९८४६१२५४८८ |
| ५६ | २५०२ | सचिव - श्री सूचना रोका | ९८०३७४४२५४ |
| ५७ | ४३३ | सदस्य - श्री सोम प्रसाद श्रेष्ठ | ९८६०७७१५५४ |
| ५८ | ८०६ | सदस्य - श्री पुण्य कुमारी कुमाल | ९८४६१२६५४४ |
| ५९ | १५०० | सदस्य - श्री गोबिन्दराज सेडाई | ९८१८६३४४०७ |
| ६० | १५०२ | सदस्य - श्री कान्छी अधिकारी उप्रेती | ९८२५१५९०१२ |
| ६१ | १५०६ | सदस्य - श्री पूजा सेडाई | ९८२४१९३४१२ |
| ६२ | १८०१ | सदस्य - श्री दत्त प्रसाद घिमिरे | ९८४६१०६०८३ |
| ६३ | २६३८ | सदस्य - श्री हरीराम श्रेष्ठ | ९८४६१५७८११ |

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औं वार्षिक साधारण सभामा अध्यक्षद्धारा प्रस्तुत मन्तब्य

अध्यक्ष : श्री रामबाबु श्रेष्ठ
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभाका श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू अन्य अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक साथीहरु, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थापक एवं पूर्व सञ्चालकज्यूहरु, क्षेत्रीय समितिका संयोजक एवं सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु र व्यवस्थापक एवं कर्मचारीहरुमा हार्दिक सहकारी अभिवादन टक्र्याउदछु ।

सहकारी ऐन २०४८ लाई आत्मसात गर्दै गोरखा जिल्लाको सदरमुकाममा २०४९ सालमा स्थापना भएको यो संस्थाले ३१ वर्ष पुरा गरेको शुभ अवसरमा स्थापना कालदेखि हालसम्म संस्थाको विकासमा विभिन्न ढंगले योगदान पुऱ्याउनु हुने संस्थापक, अग्रज, पूर्व सञ्चालक लगायत शेयर धनी महानुभावहरु प्रति हार्दिक सम्मान ब्यक्त गर्दछु । साथै दिवंगत हुनु भएका संस्थापक अध्यक्ष स्व. शम्भुबाबु मरहट्टा, लेखा सुपरिवेक्षण समितिका संयोजक स्व. पृथ्वीराज पुन लगायत स्वर्गीय हुनु भएका पूर्व सञ्चालक शेयर धनी एवं शेयर धनीका परिवारजनहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

बचत मार्फत सदस्यहरुको भविष्य सुनिश्चित गर्नुका साथै आफ्नो परिवार र राष्ट्रको आर्थिक समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्ने उद्देश्यका साथ स्थापित यस संस्थाले ३१ वर्षको अवधि सम्ममा बचत तथा ऋणको माध्यमबाट शेयर सदस्यहरुलाई बचत गर्ने बानीको विकास गराउनुका साथै आफूलाई आर्थिक समस्याको सहयोगी साथी, ब्यवसाय सञ्चालन, सामाजिक उत्तरदायित्व बहन, आकस्मिक सेवा, वित्तीय सेवा लगायत विभिन्न माध्यमवाट प्रदान गरेको सेवा र आर्थिक पारदर्शिताको कारण यो संस्था विश्वासिलो सहकारी संस्थाको रुपमा परिचित भएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी संस्था नाफा मूलक संस्था होइन । सहकारी ऐन तथा नियमावलीको परिधि भित्र रही सदस्य केन्द्रीत रहेर बचत सुरक्षित गर्ने, ब्यवसायी बन्न आर्थिक समस्यामा साथी बन्न, आर्थिक समृद्धिको लागि सहयोगी भूमिका खेल्ने तथा वित्तीय सेवाहरु प्रदान गर्ने र सामाजिक

उत्तरदायित्व वहन गर्ने संस्था नै बचत तथा ऋण सहकारी भएकोले उक्त विषयहरुलाई अङ्गिकार गर्दै हामी समयानुकूल नयाँ प्रविधिको माध्यमबाट इमान्दारिता र पारदर्शिताका साथ हाम्रा कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्दै आइरहेका छौ । केही संस्थाहरुले सहकारी ऐनलाई उल्लंघन गर्दै अनियमित गतिविधिहरुद्धारा संस्थाको दीगोपनालाई वास्तै नगरी सदस्यलाई वढी नाफा दिएर भ्रम सृजना गरेको देखिन्छ । यस तर्फ सचेत भइदिनु हुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दै क्षणिक नाफा दिएर संस्थालाई धराप सृजना गर्नु आफ्नो संस्थाको लागि मात्र नभई सहकारी अभियानलाइ नै चुनौति दिनु भएकोले त्यस्ता गतिविधिवाट संस्थालाई बचाउन सम्वन्धित नियामक निकायसँग हार्दिक अनुरोध गर्दछु ।

संस्थाको आ.व. २०७९/०८० को वित्तीय अवस्था एवं वार्षिक गतिविधिहरु र आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र अनुमानित आय व्यय सचिव र कोषाध्यक्षको प्रतिवेदन मार्फत प्रस्तुत हुने भएकोले उक्त प्रतिवेदनको आधारमा रही केही महत्वपूर्ण विषयलाई स्पष्ट वनाउने अनुमति चाहन्छु ।

- नेफ्स्कूनद्धारा सञ्चालित स्तरिकरण कार्यक्रम प्रोवेशनमा यस संस्थाले ब्राण्ड प्राप्त गर्न सकेको छैन । यस कार्यक्रमबाट संस्थाको आन्तरिक सम्पूर्ण गतिविधिहरुलाई चुस्त दुरुस्त बनाउन र संस्थालाई मजबुत वनाउन ज्यादै ठूलो सहयोग प्राप्त भएता पनि भाखा नाघेको ऋण नै वाधक रहेकोले ब्राण्ड प्राप्त गर्ने नगर्ने ऋणी सदस्यहरुको हातमा निर्भर रहेको छ । यहाँहरुबाट ठीक समयमा किस्ता बुझाइदिनु भएमा ब्राण्ड प्राप्त गर्न सकिने भएकोले यस तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।
- नाफा मध्येवाट छुट्याइएको संरक्षित पूँजी फिर्ता कोषको ६०% रकम ऋण तर्फ र ४०% बचत तर्फ सहभागी असल बचत कर्ता (कम्तिमा ३ वटा बचतमा सहभागी) र असल ऋणी (ठीक समयमा किस्ता बुझाउने) हरुलाई ऋण वापत बुझाएको ब्याज र बचत तर्फ प्राप्त गरेको ब्याजको आधारमा दामासाहीले वितरण गरिएको छ र यो प्रत्येक वर्ष वितरण गरिने भएकोले यसवाट लाभान्वित हुन सम्पूर्ण शेयर धनी महानुभावहरुमा आग्रह गर्दछु ।
- आर्थिक सम्वृद्धि तब हुन्छ जब लगानी गरेर प्रतिफल प्राप्त भएपछि बचत गर्न सक्नु पर्दछ । आम्दानी भन्दा खर्च वढी भएमा हामी असफल हुनेछौं । तसर्थ खर्च न्यूनिकरण गर्ने तर्फ हामीले ध्यान दिनु पर्ने आवश्यकता छ । अहिले समाजमा विबाह, ब्रतवन्ध, जन्मदिन तथा विबाहको वर्षगाँठ मनाउने, दर खाने आदि उपलक्ष्य पारेर संस्कृतिलाई चुनौति दिदै भड्किलो र अनावश्यक विकृति वढ्दै गएकोले यसलाई न्यूनिकरण गरी हाम्रो र हाम्रा सन्ततिहरुको भविष्य सुनिश्चित गर्न सम्पूर्ण शेयर धनी महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु ।
- सहकारी हामी सवैको लागि जन्म देखि मृत्युसम्म अपरिहार्य भएकै कारण च्याउ उम्रे जस्तै टोल टोलमा सहकारी जन्मियो । तर ब्यवस्थित रुपबाट सञ्चालन गर्न नसकेकै कारणबाट

कतिपय संस्थाहरु बिलय भैसकेको छ भने कतिपय संस्थाहरु बिलय हुने स्थितिमा छ । सदस्यलाई अत्याधिक सेवा सुविधा प्रदान गर्न सक्नु नै संस्थाको सफलता हो । हामी सहकारी मार्फत सेवा सुविधालाई अझै थप गर्दै आत्मनिर्भर भएर हाम्रा कार्यक्रम तथा गतिविधिहरु वढाउन चाहन्छौं । यसका लागि सदस्य संख्या तथा पूँजी बृद्धि गर्नुका साथै कार्यक्षेत्र समेत थप गरेर शक्तिशाली बन्नु पर्ने आवश्यकता देखिन्छ । गत साधारण सभाले अन्य बचत तथा ऋण सहकारीसँग एकीकरण गर्न आवश्यक प्रक्रिया अगाडि वढाउन दिएको निर्देशन बमोजिम गोरखा जिल्लामा सक्षम, शक्तिशाली र नमूना सहकारीको विकास गराउन बोर्लाङ्ग स्थित भिमकूल बचत तथा ऋण सहकारी संस्था लि.सँग एकीकरण गर्ने उद्देश्यले सञ्चालकहरु बीच एक आपसमा कुराकानीको सुरुवात भएको जानकारी गराउँदछु ।

अन्त्यमा,

विश्व नै आर्थिक मन्दीको चपेटामा परेको वर्तमान अवस्थामा यस संस्थालाई प्रभाव पार्नु स्वभाविकै विषय भयो । यसैको प्रभावको कारण ऋण तथा ब्याज असुलीमा विगतको तुलनामा केही समस्या देखा परेकोले नाफा पनि घट्न गएको छ । यस वर्ष मात्र भाखा नाघेको ऋणको लागि ऋण सुरक्षण कोषमा नाफा मध्येबाट रु. ६१,३१,६५३।- छुट्याउनु परेको (अहिले सम्म ऋण सुरक्षण कोषमा जम्मा रु. १,८९,४०,६०७।- पुऱ्याइएको) कारण नाफा घट्न गएको जानकारी गराउदै भाखा नाघेको ऋण जति थोरै हुन्छ त्यति नै मात्रामा ऋण सुरक्षण कोषको रकम लाभांशको रुपमा वितरण गर्न सकिने कुरा समेत जानकारी गराउँदछु । संस्थाको विकासमा योगदान पुऱ्याउनु हुने सञ्चालकज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, विभिन्न उपसमिति तथा क्षेत्रीय समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, पूर्व सञ्चालक एवं संस्थापकज्यूहरु, शेयर धनी महानुभावहरु र ब्यवस्थापक एवं कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । नजिकिदै आइरहेको वडा दशैं, दीपावली, नेपाल सम्वत-११४४, छठ लगायत विभिन्न पर्वहरुको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औं वार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिद्धारा प्रस्तुत प्रतिवेदन

संयोजक : श्री नारायण बाबु श्रेष्ठ
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. गोरखाको ३१ औं वार्षिक साधारण सभाका अध्यक्ष एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संस्थापकज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, क्षेत्रीय समितिका संयोजक एवं सदस्यज्यूहरु, आजको सभाको प्रतिनिधि शेयर सदस्यज्यूहरु, यस संस्थामा कार्यरत ब्यवस्थापक एवं कर्मचारीज्यूहरुमा मेरो ब्यक्तिगत र लेखा सुपरिवेक्षण समितिको तर्फवाट हार्दिक न्यानो सहकारी अभिवादन गर्दछु ।

सर्व प्रथम गत अधिवेशनबाट ४ वर्षको लागि यस संस्थाको लेखा सुपरिवेक्षण समितिमा हाम्रो टिमलाई चयन गरी काम गर्ने अवसर दिनु भएकोमा प्रतिनिधि शेयर सदस्यज्यूहरुलाई समितिको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छौं । संस्थाको ३१ औं वार्षिक साधारण सभासम्म आइपुग्दा संस्थालाई जन्माई यहाँसम्म ल्याई पुऱ्याउन अथक भूमिका खेली सहयोग गर्नु हुने दिवंगत हुनु भइसकेका संस्थापक अध्यक्ष स्व. शम्भुबाबु मरहट्टा लगायत पूर्व सञ्चालक, शेयर सदस्यहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं । यस संस्था क्रमिक रुपमा सहकारी ऐन, सिद्धान्त, नीति नियमहरुलाई पालना गर्दै अगाडि वढीरहेको देखिन्छ । यस अवस्थामा पुग्नुको मुख्य कारण सहकारीबाट प्रतिपादित सिद्धान्तहरुको मूल्य, मान्यताहरुलाई मुख्य कडीको रुपमा अवलम्बन गर्दै समाजमा रहेको गरिबी र आर्थिक असमानतालाई समय सापेक्ष परिवर्तन गर्दै सहकारी अभियानमा सक्रिय भूमिका खेल्नु नै हो । यस संस्था जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि आफ्नो पहिचान निर्माण गर्दै गइरहेको छ । यस संस्थालाई अहिलेको अवस्थासम्म पुऱ्याउनको लागि दूरदर्शी पूर्व सञ्चालकहरु, सल्लाहकारज्यूहरु, हाल कार्यरत लगनशिल सञ्चालक समिति, अन्य समिति, सम्पूर्ण सक्रिय शेयर सदस्य शुभ चिन्तकज्यूहरु, लगनशिल कर्मचारीहरु सबैको सुझाव निर्देशन नै प्रमुख भूमिका रहेकोले उहाँहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अव म आ.व. ०७९/०८० को प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. गत वर्षको साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको छ ।
   - १.१. संस्थाको विनियम समय सापेक्ष पुर्नलेखन गरी कार्यान्वयन गरेको
   - १.२. यस संस्थाले ३ वर्षे रणनीति योजना तयार गरी सोही बमोजिम कार्यान्वयन गरेको अवस्था छ ।
   - १.३. संस्थाले बचत र ऋणमा प्रदान गरिने र लिइने ब्याजदर समय सापेक्ष हेरफेर गरेको
   - १.४. यस संस्थाको आ.व. २०७९/०८० को लेखा परीक्षण गर्न समयमा नै लेखापरिक्षक नियुक्ति गरी लेखा परिक्षण चार्टड एकाउन्टेन्ट (सि.ए.) प्रदिप राज उपाध्यायको नाममा दर्ता भएको पि. आर. उपाध्याय एण्ड कम्पनीबाट गराइएको अवस्था छ ।
   - १.५. साधारण सभाको निर्णय प्रमाणित उचित समयमा नै गराइएको अवस्था छ
   - १.६. संस्थामा छुट्याइएको स्थिरीकरण कोषको रकम केन्द्रीय कार्यालयमा पठाइएको छ
   - १.७. संस्थामा छुट्याइएको संरक्षित पूँजी फिर्ता कोषको रकम नियमानुसार शेयर सदस्यको खातामा राखी सकिएको अवस्था छ

१.८. सदस्यता राहत कोषमा जम्मा भएको रकमबाट कोषको नीति बमोजिम शेयर सदस्यलाई प्रदान गर्न शुरु गरी सकिएको छ ।

१.९. अन्य सहकारी संस्थाहरुसँग एकीकरण (मर्ज) गर्नको लागि उप-समिति गठन गरी सञ्चालक समितिले प्रक्रिया अगाडि वढाइसकिएको छ ।

१.१०. संस्थाको यस भन्दा अगाडिको ९ वटा उपक्षेत्र र २ वटा क्षेत्र खारेज गरी सहकारी विभागको निर्देशन (परिपत्र) अनुसार ७ वटा क्षेत्र वनाई सिमान निर्धारण गरी साधारण सभाहरु गराइ सकिएको छ

१.११. संस्थामा विभिन्न प्रविधिहरु मोवाइल बैकिङ्ग, रेमिट्यान्स, म्यासेन्जर, फेसबुक लागू गरी सकिएको

२. आ.व. २०७९/०८० मा विभिन्न समिति र उपसमितिहरुको वैठक निर्णय र निर्णयहरुको कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको छ ।

| क्र. सं. | विवरण | वैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समितिको वैठक | १४ पटक |
| २. | सञ्चालक समिति र अन्य उपसमितिहरुको संयुक्त वैठक | ५ पटक |
| ३. | लेखा सुपरिवेक्षण समितिको वैठक | ८ पटक |
| ४. | ढिकुटी निरीक्षण (भल्ट चेक) | ३ पटक |
| ५. | ऋण उपसमिति वैठक | ५ पटक |
| ६. | महिला उपसमिति वैठक | १ पटक |
| ७. | शिक्षा उपसमिति वैठक | ३ पटक |
| ८. | व्यवसाय प्रवर्द्धन उपसमिति वैठक | ४ पटक |
| ९. | भाखा नाघेको ऋण असुली उप समिति वैठक | ५ पटक |
| १०. | कर्मचारीहरुको आन्तरिक वैठक | ३ पटक |
| ११. | प्रोवेशन कार्यदल वैठक | ४ पटक |
| १२. | यूवा उपसमितिको बैठक | ३ पटक |

माथि उल्लेखित वैठक संख्या हेर्दा सञ्चालक समितिको मासिक वैठक नियमित वसेको देखिन्छ र अन्य उप समितिहरुले संस्थाको आवश्यकताको आधारमा वैठक वसी प्रस्तावित विषयहरु माथि गहन छलफल गरी कार्यान्वयन गरेको अवस्था छ र आगामी दिनमा अझ सक्रिय हुनु पर्ने अवस्था रहेको छ ।

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :

३.१. ऋण लगानीको सुरुको प्रक्रिया पुरा गरेको देखिन्छ,

३.२. ऋण वापतको सुरक्षण वा धितो मूल्याङ्कन प्रक्रिया देखिन्छ,

३.३. सवै प्रक्रिया पुरा गरेपछि ऋण उप समितिले संस्थाको तरलताको अवस्था हेरी ऋण लगानी गरेको देखिन्छ,

३.४. सञ्चालक समिति वा कर्मचारीमा ऋण लगानी गर्दा ऋण नीतिको अधिनमा रही लगानी गरेको देखिन्छ ।

४. सहकारी विभागवाट जारी गरिएको तल उल्लेखित मापदण्डहरु पालना गरेको देखिन्छ ।

४.१. दर्ता तथा सञ्चालन सम्वन्धी मापदण्ड

४.२. समितिका सदस्यहरुले ऋण लिदा पालना गर्नु पर्ने मापदण्ड

४.३. बचत संकलन, ऋण लगानी ब्याजदर र तरलता सम्वन्धी मापदण्ड

४.४. साधारण सभा सम्वन्धी मापदण्ड
४.५. लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्ड
४.६. अनुगमन तथा कारवाही सम्वन्धी मापदण्ड
४.७. आचार संहिता सम्वन्धी मापदण्ड
४.८. सहकारी सम्वन्धी व्यवस्था
४.९. PEARLS अनुगमन विधि अनुसार संस्था सञ्चालन प्रक्रिया
४.१०. सम्पत्ति सुदृढिकरण निवारण ऐन नियम कार्यान्वयन व्यवस्था
४.११. कर्मचारी सम्वन्धी व्यवस्था
४.१२. नगद मौज्दात सुरक्षण सम्वन्धी व्यवस्था
४.१३. विभिन्न मापदण्डहरु

५. सहकारी केन्द्रीय कार्यालय, सहकारी विभाग, स्थानिय निकाय र अन्य सम्वन्धित निकायहरुले अनुगमन गरी दिइएको निर्देशन, सुझावहरु कार्यान्वयन गर्दै संस्था अगाडि वढेको छ र संस्था विभिन्न कार्यक्रम, तालिम, गोष्ठी, निमन्त्रणामा सक्रिय सहभागी भई संस्थालाई प्रचारात्मक रुपमा अगाडि वढाई रहेको देखिन्छ ।

६. पदाधिकारीहरुको पारीश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

६.१. पारीश्रमिक : यस संस्थाका सञ्चालक एवं लेखा सुपरिवेक्षण समितिका पदाधिकारी लगायत अन्य उप समितिहरुले पारीश्रमिक रकम लिइएको देखिदैन ।

६.२. भत्ता : यस संस्था सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिारी एवं सदस्यहरु र अन्य उप-समितिका संयोजक एवं सदस्यहरुले प्रति वैठक भत्ता रु. ५००।- (अक्षरुपी पाँच सय) का दरले कर कट्टा गरी लिने गरेको छ ।

६.३. अन्य सेवा सुविधाहरु : यस संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति अन्य उप-समितिका संयोजक एवं सदस्यहरुले संस्थाले पठाएको जिल्ला वाहिरको सभा कार्यक्रम र संस्थाको क्षेत्र भित्र यातायातको साधन प्रयोग गर्दा इन्धन खर्च र सामान्य खाजा वापत संस्थाले तोके बमोजिम सामान्य सुविधा वाहेक अन्य कुनै पनि सुविधा नलिई सेवाभावले काम गरेको देखिन्छ ।

७. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरु :

७.१. साधारण सभावाट पारित कर्मचारी प्रशासन सम्वन्धी व्यवस्था भएको देखिन्छ ।

७.२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको देखिन्छ ।

७.३. कर्मचारी भर्ना प्रकृया संस्थाद्धारा विज्ञापन जारी गरी पदपूर्ति उप-समितिले लिखित र मौखिक परीक्षा लिई निष्पक्ष, पारदर्शिता र प्रतिस्पर्धात्मक रुपमा सञ्चालक समितिले निर्णय गरी भर्ना गर्ने गरिएको देखिन्छ ।

७.४. कर्मचारीहरुले बेला बेलामा वैठक वसी सञ्चालक र लेखा सुपरिवेक्षण समितिको निर्देशन, सुझावहरुलाई कार्यान्वयन गरी संस्था सञ्चालन गर्न आवश्यक पर्ने नीति नियमहरुको वारेमा सञ्चालक समितिलाई जानाकारी गराइएको देखिन्छ ।

७.५. कार्यरत कर्मचारीहरुको कार्यवोझ शेयर सदस्य, संस्थाको पूँजी खातापाताको आधारमा तादत्म्यता रहेको देखिन्छ ।

७.६. कर्मचारी संख्या निम्न अनुसार रहेको छ,

७.६.१.१. स्थायी - ५ जना
७.६.१.२. करार - २ जना
७.६.१.३. अस्थायी - नभएको

८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएको प्रतिवेदन बमोजिमका सुझावहरु सामान्यतया कार्यान्वयन भएको अवस्था देखिन्छ ।

९. लेखा सुपरिवेक्षण समितिका सुझावहरु निम्न छन् -

९.१. संस्थाबाट कुनै पनि समिति, उप-समिति र शेयर सदस्यहरुलाई चिठी पत्रको सट्टा नेट, म्यासेन्जर मार्फत जानाकारी गराउने खालको सूचना प्रवाह गर्ने

९.२.मासिक बचत प्रत्येक महिनाको २५ गते भित्र वुझाउनको लागि सदस्यहरुलाई निर्देश गर्ने

९.३. ऋणको किस्ता वुझाउन ५ दिन अगाडि देखि सम्वन्धित ब्यक्तिलाई जानकारी गराउने

९.४. बचत रकम (निक्षेप) बृद्धि गर्नका लागि सञ्चालक समिति अझ सक्रिय हुन आवश्यक देखिन्छ ।

९.५. भाखा नाघेको ऋण असुलीको लागि संस्था सक्रिय रहदा रहदै पनि सोचे जति प्रगति हुन नसकेकाले अझ वढी प्रयत्न गर्नु पर्ने र धेरै समय भाखा नाघेका केही ऋणीहरुलाई नियम अनुसार असुल उपर गर्न अगाडि वढ्नु पर्ने देखिन्छ ।

९.६. ब्यवस्थापन पक्षले कुनै पनि कार्यक्रमको ब्यवस्थापन समयमा नै तयारी गरी राख्नु पर्ने देखिन्छ ।

९.७. शेयर सदस्यहरुको हितलाई ध्यानमा राख्दै लाभांश वितरणका लागि संस्था सक्रिय रुपमा लाग्नु पर्ने देखिन्छ ।

९.८. यस संस्थाको कार्यक्षेत्र भित्र रहेका शेयर सदस्य र गैह्र सदस्यहरुलाई सहकारी शिक्षा सम्वन्धी कार्यक्रम अनिवार्य रुपमा दिनु पर्ने देखिन्छ ।

९.९. संस्थाले शेयर सदस्यहरुलाई सहयोग र सुविधा पुर्‍याउने हेतुले विभिन्न प्रविधिहरु सञ्चालनमा ल्याइसकेको हुनाले सम्पूर्ण शेयर सदस्यहरुलाई तुरुन्त विभिन्न माध्यम अपनाई जानाकारी गराउनु पर्ने देखिन्छ ।

९.१०. कुनै पनि समिति वा उप-समिति निर्माणको बखत ब्यक्ति चयन गर्दा कम्तिमा पनि त्यस सम्वन्धी ज्ञान, विज्ञता हासिल गरेको ब्यक्तिहरुलाई चयन गर्दा संस्था सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ ।

९.११. सञ्चालक समिति र उप-समितिहरुको वैठक भत्तालाई केही परिमार्जन गरी सञ्चालक समिति र उप-समितिहरुको वैठक भत्ता केही फरक हुनु पर्ने देखिन्छ ।

९.१२. संस्थाको कार्य सञ्चालनको लागि सहयोग पुर्‍याउने हेतुले २ पाङग्रे सवारी साधन खरीद गरी सञ्चालन गर्न निर्णय भइसकेको अवस्थामा उक्त सवारी साधन अबिलम्ब खरीद गरी सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ ।

९.१३. भल्ट निरीक्षणका क्रममा विभिन्न नोटहरु कति छ र कुन कुन नोट कति झिकियो त्यसको जानकारीको लागि एउटा खाताको ब्यवस्था गरी राख्नु पर्ने

अन्तमा तपाईहरुले विश्वास गरेर दिनु भएको गहन जिम्मेवारीको भूमिकामा हामीले के कति पूरा गर्न सक्यौ, सकेनौ ? मूल्याङ्कन गरी सुझाव दिन अनुरोध गर्दै आगामी दिनमा संस्थाको वढोत्तरीको लागि हामी अझ सक्रिय रुपमा लाग्ने यहाँहरु समक्ष प्रण गर्दै नजिकिदै आइरेको हिन्दु नेपालीहरुको महान चाड बिजया दशमी, शुभ दीपावली, नेपाल सम्बत, छठ पर्व लगायत विभिन्न धर्मावलम्बीहरुको आ-आफ्नो रीति रिवाज अनुसारको चाडपर्वको शुभकामना ब्यक्त गर्दै सम्पूर्ण शेयर सदस्यहरुको दिर्घायू र सु-स्वास्थ्यको कामना सहित लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन अन्त्य गर्दछु ।

**धन्यवाद,**

**जय हिमचुली ! जय सहकारी !!**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फवाट सचिवद्धारा प्रस्तुत प्रगति प्रतिवेदन

सचिव : श्री सहदेव प्रसाद श्रेष्ठ
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, यस सम्मानित सभालाई भव्य, सभ्य र उल्लासमय वातावरणमा सम्पन्न गराउन उपस्थित हुनु भएका संस्थाका प्रतिनिधि शेयर सदस्यज्यूहरु र संस्थाका कर्मचारीहरुमा मेरो व्यक्तिगत र समितिको तर्फवाट सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

समान इच्छा आकांक्षा एवं आवश्यकता भएको व्यक्तिहरु एक आपसमा संगठित भै सहकार्य गरी समुदायमा छरिएर रहेको श्रम, सिप, पूँजी, दक्षता र प्रविधिलाई एकत्रित गर्दै सो को समूचित परिचालन गरी समुदायमा सदस्यहरुको सामाजिक, आर्थिक र साँस्कृतिक रुपान्तरण गर्ने सहकारीको परिभाषा र उद्देश्यलाई मूर्तरुप दिनको लागि ३० जना संस्थापक सदस्यहरुको संयुक्त प्रयासवाट गोरखा नगरपालिका कार्यक्षेत्र वनाई वि.सं. २०४९ साल फाल्गुण १५ गते गोरखा नगरपालिका-७, मा विधिवत रुपमा हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भयो ।

विशेषतः संस्थाको स्थापनामा अमूल्य योगदान गर्नुहुने संस्थाको संस्थापक अध्यक्ष स्व. शम्भुबाबु मरहट्टा, तत्कालिन लेखा सुपरिवेक्षण समितिका संयोजक स्व. पृथ्वीराज पुन लगायत दिवंगत हुनु भएका यस संस्थाका पूर्व सञ्चालक, शेयर सदस्यहरु साथै दिवंगत हुनु भएका शेयर सदस्यहरुको आफन्तजनहरु प्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

संस्था स्थापनाको शुरुआती चरणवाट नै सहकारीको मूल मर्म र भावना अनुसार अग्र गतिमा लम्कदै हाल वयस्क अवस्थामा पुगी सकेको छ । संस्थाको पूर्व सञ्चालक समिति र वर्तमान सञ्चालक समितिको क्रियाशिलता, कर्मठता, त्याग र समर्पणवाट नै संस्थाले हालसम्म जोखिम रहित तवरवाट अगाडि वढ्दै गएकोमा हामी गौरवान्वित छौं । संस्था नीति, विधि र प्रविधिका साथ मर्यादित व्यवसायको रुपमा लम्कन सफल भएकै कारण नगरपालिका क्षेत्र भित्र अब्बल सहकारीको स्थान ग्रहण गर्न सफल भएको हामीले महशुस गरेका छौं । यो साखलाई अविच्छिन्न कायम राख्नका लागि संस्थाको दीगो रुपमा सुदृढिकरण एवं संरक्षण, गुणस्तरिय सेवा प्रवाहका साथ सुशासन स्थापित गरी संस्थाको छवि एवं जनविश्वास अभिबृद्धि गर्न यो संस्था नेफ्स्कून (NEFSCUN) बाट सञ्चालित वित्तीय सक्षमता (PEARLS) र व्यवस्थापकिय कार्य कौशलता (HIMAL) मापन गर्ने राष्ट्रिय स्तरको स्तरीकरण कार्यक्रम PROBATION (पूर्ण तथा व्यवसायिक साकोस विकास) मा समावेश भै सोही अनुसार संस्था सञ्चालन गर्न कटिवद्ध रहेको छ ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा आएको आर्थिक मन्दीको प्रभाववाट ब्यक्ति र संस्थाहरुलाई पनि असर गरिरहेको कारण संस्थाले सदस्यहरुलाई अपेक्षित रुपमा ऋण प्रदान गर्न नसक्नु र ऋणी सदस्यहरुले पनि संस्थामा समयमा नै किस्ता वुझाउन नसकिरहेको तितो यथार्थ हामी सवैले वुझ्नु पर्दछ, वुझिराखेका छौं । संस्था हामी सवैको सामूहिक हो । संस्था प्रति अपनत्व भाव राखेर संस्थालाई दीगो रुपमा स्थापित गरी साझा चौतारीको रुपमा रहेको यस संस्थावाट लाभान्वित हुन हामीले केही समय धैर्य धारण र आत्मसंयम हुनु पर्नेमा हामी सवै जानकार समेत छौं भन्ने हामी विश्वास गर्दछौं । तसर्थः नकारात्मक हल्ला र भ्रमको पछाडि नलागी सकारात्मक सोचका साथ आफूले लिएको ऋण समयमै बुझाई सोही रकमवाट अन्य सदस्यहरुले ऋण पाउन सक्ने यथार्थलाई वुझी परोपकारी भावना समेत आत्मसात गर्न हामी सवै संकल्परत रहौं ।

संस्थामा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको छ । PROBATION कार्यक्रमले संस्थालाई विधि सम्मत गतिशिल वनाइरहेको छ । संस्थाको हरेक गतिविधि एवं क्रियाकलापहरु पारदर्शी, इमान्दारी र उत्तरदायी ढंगवाट चलिरहेको छ । हाम्रो बचत रकम सुरक्षाको सुनिश्चितता गरिएको छ । अन्य वाणिज्य एवं बिकास बैंकको तुलनामा यस संस्थामा अपेक्षित रुपमा बचतमा ब्याजदर वढी नै भएको हुँदा आफू सदस्य भएको यस संस्थामा नै बचत रकम जम्मा गरी आर्थिक कारोवार गर्ने गरौं । हामी सवैको आत्मियता, सद्भाव र सहयोगवाट यस संस्थालाई नमूना योग्य बनाउन लागौं ।

अब म आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु,

१. सदस्यता : पुरुष - १,१५६, महिला - १,३०३ र संस्थागत ३२ गरी जम्मा - २,४९१ जना ( असार मशान्त)
   - सदस्यता परित्याग गर्नेको संख्या - १३ जना
   - मृत्यु भएको संख्या - ५ जना
   - नयाँ सदस्य प्राप्त गर्नेको संख्या - पुरुष - ४६, महिला - ६५ र संस्थागत - १ गरी जम्मा - ११२
   - बाल बचत गर्नेको संख्या - ९१७ जना

२. संस्थाले प्रदान गरेको सेवाहरु :

(क) बचत सेवा तर्फ :

१. मासिक नियमित बचत - ८.५%    २. ऐच्छिक बचत - ८%
३. दैनिक बचत - ६.५%    ४. बाल बचत - ८.५%
५. जेष्ठ सदस्य बचत - ९%    ६. मासिक नियमित ऐच्छिक बचत - ९%
७. हिमचुली बचत - ८%    ८. पेन्सन बचत - ८%
९. चाडपर्व बचत - ८.५%    १०. आवधिक बचत तर्फ - ३ महिने र ६ महिने - १०.७५%,
१ वर्षे-११.२५% र २ वर्ष भन्दा माथि ३ वर्षसम्म-११%

(ख) ऋण लगानी सेवा तर्फ :

१. कृषि ब्यवसाय ऋण - १२%    २. घरजग्गा खरीद ऋण - १४%
३. ब्यापार ब्यवसाय ऋण - १४%    ४. शैक्षिक ऋण - १२%
५. औधोगिक ऋण - १२%    ६. स्वास्थ्य उपचार ऋण - १२%

७. आकस्मिक ऋण - १२%　　　　८. सामाजिक ऋण - १४%
९. साधारण ऋण - १४%　　　　१०. धन जमानी ऋण - १४%
११. अपाङ्ग लक्षित ऋण - १२%　　　　१२. सामूहिक उत्पादनमूलक ऋण - १०%
१३. बैदेशिक अध्ययन तथा बैदेशिक रोजगार ऋण - १५%

ब्याजदर : बचत नीति अनुसार प्रत्येक ३/३ महिनामा सञ्चालक समितिले समिक्षा गरी ब्याजदर हेरफेर गर्ने प्रावधान रहेको छ ।

(ग) सदस्यता कल्याणकारी कोष : यस मार्फत दिवंगत हुनुभएका शेयर सदस्यको परिवारलाई कम्तिमा रु १०,०००।- देखि वढीमा रु ५०,०००।- सम्म सहयोग गर्ने नीति अनुसार शेयर सदस्यहरुलाई कल्याणकारी कोषमा रहेको रकमको ८ गुणा र शेयर रकमको २ गुणाले हुन आउने रकम मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ । जस अनुसार दिवंगत हनु भएका ५ जना सदस्यहरुको आश्रित परिवारलाई रु. २,४६,७१२।- उपलब्ध गराइएको छ ।(भारती देवी श्रेष्ठ, बिनोद खत्री, जानकी देवी आचार्य, तीर्थ नारायण श्रेष्ठ र श्रीराम भुसाल राना)

(घ) कर्मचारी काज क्रिया खर्च : कर्मचारीका बुवा आमाको मृत्यु हुँदा रु. ५,०००।- दिने संस्थाको आर्थिक प्रशासन नीति-२०७६, अनुसार यस वर्ष कर्मचारी कृष्ण कुमार श्रेष्ठको बुवाको मृत्यु भएकोले रु. ५,०००।- सहयोग उपलब्ध गराइएको छ ।

(ङ) प्रसुति सेवा : २ वटा सम्म बच्चा जन्माउने महिला शेयर सदस्यहरुलाई दिइने प्रसुति सेवा अर्न्तगत यस वर्ष प्रसुति हुनु भएका महिला शेयर सदस्यहरु शे.द.नं. ३६२ की प्रमिला श्रेष्ठ, शे.द.नं. ५३५ की शर्मिला मग्राती, शे.द.नं. ६५९ की अनिता श्रेष्ठ, शे.द.नं. ९७३ की रुपा श्रेष्ठ, शे.द.नं. ९७५ की रचना खत्री, शे.द.नं. ९९९ की श्रद्धा श्रेष्ठ, शे.द.नं. १०३२ की सरस्वती श्रेष्ठ, शे.द.नं. १२९२ की मनमायाँ गुरुङ्ग, शे.द.नं. १४७५ की सिर्जना पन्त, शे.द.नं. १४१४ की पार्वती श्रेष्ठ, शे.द.नं. १५५० की बिना कुमारी मग्राती अछामी, शे.द.नं. १५८४ की रमा श्रेष्ठ, शे.द.नं. १६४१ की कल्पना थापा, शे.द.नं. १६५६ की सचिना मालबुल रोका, शे.द.नं. १७३७ की बिना अछामी, शे.द.नं. १९४२ की मनिष्का ढकाल, शे.द.नं. २०९२ की जुरेली अछामी, शे.द.नं. २०९४ की कल्पना श्रेष्ठ, शे.द.नं. २१७१ की सावित्री वसेल, शे.द.नं. २२१६ की टिकामायाँ राना मगर, शे.द.नं. २३२५ की सरस्वती थापा सुनार गरी २१ जनालाई रु १,५००।- का दरले प्रदान गरिएको छ । प्रसुति हुने महिला शेयर सदस्यहरुले उक्त सेवा प्राप्त गर्नका लागि प्रसुति भएको मितिले ६ महिना भित्र बच्चाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित संस्थामा माग दावी गर्नु पर्नेछ ।

(च) रेमिट्यान्स सेवा : संस्थावाट सञ्चालित रेमिट्यान्स सेवा अन्तर्गत हिमाल रेमिट, वेस्टर्न यूनियन, ग्लोवल आई. एम. ई., आई. पे. रिलायवल रेमिट, वेष्ट रेमिट, पानस रेमिट, मुक्तिनाथ रेमिट, सिटी एक्सप्रेस, पे वेल आदि रेमिटहरु मार्फत सेवा प्रदान गरिनुका साथै आई.एम.ई.पे र ई सेवा मार्फत शाना शहरी खाने पानी, तिनचापे खानेपानी, विभिन्न किसिमका नेटहरु, बिजुली र टेलिफोन महशुलको बिल भूक्तानी गरिन्छ ।

(छ) मोबाइल बैकिङ्ग सेवा : शेयर सदस्यहरुको चाहना र भावना अनुसार मोबाइल बैंकिङ्ग सेवाको सञ्चालन गरिएको छ ।

(ज) **सम्मान कार्यक्रम** : ज्येष्ठ सदस्य सम्मान, असल ऋणी सम्मान, पूर्व सञ्चालक सम्मान र विद्यावारिधी उपाधी प्राप्त सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस वर्ष सम्मानका लागि छनौंट हुनु भएका निम्न बमोजिम सदस्यहरुलाई संस्थाको स्थापना दिवश फाल्गुण १५ गतेका दिन सम्मान गरिनेछ ।

- ज्येष्ठ सदस्य सम्मान : यस संस्थाका जेष्ठ सदस्यहरु मध्ये नागरिकताको आधारमा महिला सदस्य - १ र पुरुष सदस्य - १ समेतलाई प्रत्येक वर्ष सम्मान गरिदै आएको कार्यक्रम अन्तर्गत यस वर्ष शे.द.नं. १०९ का श्री ओम कुमारी आचार्य (जन्म मिति २००७/०६/०१) र शे.द.नं. १२१ का श्री मान बहादुर श्रेष्ठ (जन्म मिति २०००/०५/१८)
- विशेष ज्येष्ठ सदस्य सम्मान (नागरिकता बमोजिम ८४ र १०० वर्ष पुग्नु भएका) : यस वर्षमा विशेष जेष्ठ सदस्य अन्तर्गत कोही पनि पर्नु भएन ।
- असल बचत कर्ता सम्मान : शे.द.नं. ४२ का श्री यादव प्रसाद शर्मालाई असल बचत कर्ताको रुपमा सम्मान गरिनेछ ।
- विद्यावारिधी उपाधी प्राप्त सम्मान कार्यक्रम अन्तर्गत यस वर्ष शे.द.नं. ९१२ का श्री ईश्वर बहादुर खड्कालाई पि.एच.डी. सम्मान गरिनेछ ।
- असल ऋणी सम्मान :

| क. सं. | असल ऋणीको नाम | शे.द.नं. | ठेगाना | लगानी क्षेत्र |
|---|---|---|---|---|
| १. | श्री शुशिला मरहट्टा | २१३ | गो.न.पा.- ६, दरवार मार्ग | घर निर्माण |
| २. | श्री सन्तमान श्रेष्ठ | १०५७ | गो.न.पा.- ६, शक्तिचोक | ब्यापार |
| ३. | श्री सुरेश कुमार श्रेष्ठ | १३३१ | गो.न.पा.- ७, धारापानी | कृषि ब्यवसाय |

(झ) छात्रवृत्ति कार्यक्रम :

विद्यालयमा अध्ययनरत संस्थाका शेयर सदस्यहरुका छोरा छोरीहरु मध्ये कक्षा १ देखि कक्षा १२ सम्म पढ्ने प्रत्येक कक्षाका उत्कृष्ट १ जनाको दरले सरकारी र संस्थागत विद्यालय तर्फ छुट्टाछुट्टै पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस वर्ष पुरस्कृत हुने सर्वोत्कृष्ट विद्यार्थीहरुलाई संस्थाको स्थापना दिवश फागुन १५ गतेका दिन पुरस्कार वितरण गरिनेछ । पुरस्कृत हुने विद्यार्थीहरुको नामावली शिक्षा उप-समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(ञ) समुदाय लक्षित सामुदायिक उत्तरदायित्वका कार्यहरु

३. वैठक :

- सञ्चालक समितिको वैठक संख्या : १४
- सञ्चालक समिति र अन्य उपसमितिहरुको संयुक्त वैठक संख्या : ५
- लेखा तथा सुपरिवेक्षण समितिको वैठक संख्या : ८
- सञ्चालक समितिको वैठकमा उपस्थिति संख्या निम्न अनुसार रहेको छ ।

| क्र. सं. | नाम थर | उपस्थिति संख्या (पटक) |
|---|---|---|
| १. | अध्यक्ष : श्री रामबाबु श्रेष्ठ | १४ |
| २. | वरिष्ठ उपाध्यक्ष : श्री सुशील अर्याल | १४ |
| ३. | महिला उपाध्यक्ष : श्री ज्ञानु अधिकारी | ६ |
| ४. | सचिव : श्री सहदेव प्रसाद श्रेष्ठ | १४ |
| ५. | सह-सचिव : श्री प्रेमध्वज थापा | ११ |
| ६. | कोषाध्यक्ष : श्री रामचन्द्र आचार्य | ९ |
| ७. | सदस्य : श्री ऋषिराम सापकोटा | ९ |
| ८. | सदस्य : श्री सरोज अर्याल | ५ |
| ९. | सदस्य : श्री भरत बहादुर राना | १० |
| १०. | सदस्य : श्री सुमन ज्ञवाली | १२ |
| ११. | सदस्य : श्री केशव वस्नेत | १० |
| १२. | सदस्य : श्री गीता कुमारी भट्ट | ७ |
| १३. | सदस्य : श्री अमृत बि. क. | ९ |

४. संस्थागत शेयर लगानी र आवद्धता :

| | | |
|---|---|---|
| १ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कून) शेयर | रु. २५,००,०००।- |
| २ | गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. शेयर | रु. १,०००।- |
| ३ | जिल्ला सहकारी संघ लि. शेयर | रु. ३०,५००।- |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. शेयर | रु. ५,००,०००।- |
| ५ | हव को-अपरेटिभ सर्भिस लि. शेयर | ५,०००।- |
| | जम्मा – | ३०,३६,५००।- |

५. वित्तीय स्थिति :

संस्थाको वित्तीय स्थितिको विस्तृत विवरण कोषाध्यक्षवाट आउनेछ ।

६. संस्थाको स्थिर सम्पत्ति :

| | | | |
|---|---|---|---|
| १ | गोरखा नगरपालिका-७, स्थित आफ्नै जग्गामा ८ कोठा (२ वटा हल सहित) सटर सहितको ३ तलाको भवन | | |
| २ | सडकको उत्तरतिरको घडेरी जग्गा | ३ | सेफ - १ |
| ४ | फाइलिङ्ग क्याविनेट - १ | ५ | इन्भटर ब्याक अफ सिस्टम २.५ के. भी. को-१ |
| ६ | कम्प्यूटर डेस्कटप - ५ | ७ | ल्यापटप - २ |
| ८ | फोटो कपी सहितको प्रिन्टर - २ | ९ | प्रोजेक्टर - १ |
| १० | लेजर प्रिन्टर - २ | ११ | डट प्रिन्टर - १ |
| १२ | लुज पैसा गन्ने मेशिन - १ | १३ | बन्डल पैसा गन्ने मेशिन - १ |
| १४ | ७ वटा क्यामेरा सहितको सि.सि. टि.भी - १ सेट | १५ | घुम्ने कूर्चि - ५ |

| | | | |
|---|---|---|---|
| १६ | प्लास्टिक कूर्चि हात भएको - २८ | १७ | प्लास्टिक कूर्चि हात नभएको - २०५ |
| १८ | भ्याकुम क्लिनिर - १ | १९ | बक्स टेबुल - ८ |
| २० | फोल्डिङ्ग टेबुल - १२ | २१ | हाते कुसन कूर्चि - ७ |
| २२ | सादा कूर्चि - १ | २३ | कम्प्यूटर टेबुल - २, |
| २४ | कम्प्यूटर कूर्चि - १ | २५ | टि-टेवुल - ५ |
| २६ | मायाको चिनो - ३५ | २७ | पानी राख्ने भाडा जार सहित - १ |
| २८ | पानीको ड्रम - ३ | २९ | डिस्पेन्सर - १ (तातो र चिसो पानी आउने) |
| ३० | करुवा - १ | ३१ | स्टील दराज - २ |
| ३२ | टेलिफोन - २ | ३३ | बेञ्च - ४ |
| ३४ | पंखा - १४ | ३५ | टेवल फ्यान - १ |
| ३६ | रजत हलमा साउण्ड सिस्टम | ३७ | सानो हलमा साउण्ड सिस्टम |
| ३८ | पोडियम - २ | | |

७. संस्थाको तर्फवाट प्रतिनिधित्व तथा सहभागिता :

- मिति २०७९/०४/०७ गतेका दिन जिल्ला सहकारी संघ लि. गोरखाको आयोजनामा गोरखा नगरपालिका भित्रका सहकारीहरुको भेलामा संस्थाका नि. उपाध्यक्ष श्री नारायण बाबु श्रेष्ठको सहभागिता
- मिति २०७९/०४/१५ गतेको दिन राष्ट्रिय सहकारी बैंक लि. को आयोजनामा तनहुँको दमौलीमा भएको सहकारी सम्वन्धी अन्तरक्रिया कार्यक्रममा संस्थाका ब्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता
- मिति २०७९/०४/३१ गतेका दिन लमजुंग फिल्ड कार्यालयको आयोजनामा भएको ३५ औं स्थापना दिवशमा संस्थाका ब्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता
- मिति २०७९/०४/०४ गते भएको सिद्धिगणेश बचत तथा ऋण सहकारी संस्था लि. को साधारण सभामा  यस संस्थाका अध्यक्ष श्री रामबाबु श्रेष्ठको सहभागिता
- मिति २०७९/०५/०६ गतेका दिन राष्ट्रिय सहकारी बैंकले दमौलीमा आयोजना गरेको ब्यवस्थापकहरुको १ दिने क्षमता अभिवृद्धि तालिममा संस्थाका ब्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता
- मिति २०७९/०७/२८ गतेका दिन नेपाल नेत्रहिन संघ, नेत्रहिन पुनर्स्थापना कार्यक्रमको सार्वजनिक तथा नीति क्षेत्रका सरोकारवालाहरुसँग दृष्टिविहीनहरुको हक हित र अधिकार सम्वन्धी १ दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री रामबाबु श्रेष्ठको सहभागिता
- मिति २०७९/०८/१४ गतेका दिन प्रदेश सरकार भूमि ब्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश, पोखराको आयोजना र राष्ट्रिय सहकारी बैंक लि. दमौली शाखाको समन्वय/ब्यवस्थापनमा भएको १ दिने सहकारी सम्वन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रममा संस्थाका ब्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

- मिति २०७९/०९/०८ गतेका दिन नेफ्स्कूनको ३१ औं वार्षिक साधारण सभामा संस्थाका अध्यक्ष श्री रामबाबु श्रेष्ठको सहभागिता
- मिति २०७९/०९/१५ गतेदेखि १८ गतेसम्म नेफ्स्कूनको प्राविधिक सहयोगमा भएको व्यवस्थापकहरुको CUMCC तालिममा संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता
- मिति २०७९/०९/१६ गते राष्ट्रिय सहकारी बैंक लि. को १९ औं वार्षिक साधारण सभा ( प्रदेश स्तरिय अन्तर्गत - गण्डकी प्रदेश) मा संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता
- मिति २०७९/०९/२३ गतेका दिन स्थिरीकरण कोषको वार्षिक परामर्श बैठकमा संस्थाका सल्लाहकार श्री दिलीप देवकोटाको सहभागिता
- मिति २०७९/०९/२३ गतेका दिन जिल्ला सहकारी संघको २९ औं वार्षिक साधारण सभामा संस्थाका वरिष्ठ उपाध्यक्ष श्री सुशिल अर्यालको सहभागिता
- मिति २०८०/०३/०७ र ०८ गते गते राष्ट्रिय सहकारी बैंक लि. को आयोजनामा दमौलीमा सञ्चालित सञ्चालक तथा व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिममा संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

८. संस्थावाट भए गरेका क्रियाकलाप एवं गतिविधिहरु र सञ्चालक समितिको भएको महत्वपूर्ण निर्णयहरु :

(१) महिनामा १ पटक नघटाई प्रत्येक महिनाको ५ गते सञ्चालक समितिको वैठक वस्ने गरेको र सो वैठकमा संस्थाको मासिक आय-व्यय विवरण, वासलात विवरण वारे विस्तृत छलफलका साथ अनुमोदन गर्नुका साथै वित्तीय सूचकांक पर्ल्स विश्लेषण विवरण, ऋण प्रवाह र असुलीका साथ सदस्यता थप/त्यागका वारेमा ब्यापक रुपमा छलफल गर्ने गरिएको छ ।

(२) संस्थामा रहेको आवधिक बचतको धितोमा ऋण लगानी गर्दा ०.५% सेवाशुल्क लिने गरी आएकोमा सो ऋण लगानीमा सेवा शुल्क नलाग्ने निर्णय भाएको ।

(३) मिति २०७९ आश्विन २९ गते संस्थाको ३० औं वार्षिक साधारण सभा एवं १५ औं अधिवेशन सफलता पूर्वक संस्थाको रजत हलमा सम्पन्न भएको ।

(४) संस्थाको ३० औं वार्षिक साधारण सभा एवं १५ औं अधिवेशन कार्यक्रमको संयुक्त वैठकवाट समिक्षा गरिएको ।

(५) यस संस्थालाई प्रभावकारी रुपवाट क्रियाशिल तुल्याई सहकारीको मूल्य मान्यता र आदर्शलाई आत्मसात गरी संस्थालाई दीगो रुपमा विकास गर्न आवश्यक सहजीकरणको लागि निम्न बमोजिम उप-समितिहरु गठन गरिएको ।

५.१. ऋण उप-समिति　५.२. शिक्षा उप-समिति　५.३. महिला उप-समिति

५.४. व्यवसाय प्रवर्द्धन उप-समिति　५.५. यूवा उप-समिति　५.६. प्रोवेशन कार्यदल

५.७. धितो मूल्याङ्कन उप-समिति　५.८. ऋण असुली उप-समिति

(६) आ.व. २०७८/०७९ मा संस्थाको लेखा परीक्षणवाट छुट्याइएको शेयर लाभांश कोष रकम रु. ३१,४७,६७०।२७ मा संरक्षित पूँजी फिर्ता कोषमा हालसम्मा जम्मा भएरको रु. २९,८६,२६७।८५ मध्ये रु. १,७५,०३८।३९ लाभांश कोषमा स्थानान्तरण गरी साधारण

सभाको निर्णयानुसार शेयर सदस्यहरुलाई १0% लाभांश वितरण गरी सो रकम सदस्यहरुको नाममा रहेको हिमचुली बचत खातामा जम्मा गरिएको ।

(७) संस्थाको आ.व. २०७८/०७९ मा भएको लेखा परीक्षणवाट कर्मचारी वोनष कोषमा छुट्याइएको रु. ३,४९,७४१।१४ मध्ये ३०% ले हुन आउने रु १,०४,९२२।३४ कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरी वाँकी ७०% ले हुन आउने रु. २,४४,८१८।८० तलबको अनुपातिक हिसाबमा व्यवस्थापन तहका सबै कर्मचारीहरुलाई उत्प्रेरणा स्वरुप वोनश, वैठकको निर्णयानुसार वितरण गरिएको ।

(८) संस्थावाट लगानी हुने रु. १०,००,०००।- (दश लाख) भन्दा वढी ऋणको लागि संस्थामा ऋणीले जमानत वापत राखेको घर जग्गा परियोजनाको आधिकारीक कन्सल्ट्यान्टवाट मूल्याङ्कन गर्ने गराउने प्रयोजनको सूचना प्रकाशित गर्दा ३ वटा कन्सल्टेन्सी फर्महरुको सूचिकृतको लागि आवश्यक कागजातहरु पेश भएको ।

(९) उपक्षेत्रीय समितिको काम कर्तब्य र दायित्व वारे आवश्यक जानकारी दिनुको साथै छलफलको लागि उपक्षेत्रीय संयोजकहरु सम्मिलित सञ्चालक समितिको संयुक्त वैठक वसेको ।

(१०) मिति २०७९ माघ २६ गते सञ्चालक समिति, सल्लाहकारहरु, लेखा सुपरिवेक्षण समिति लगायत विभिन्न उप-समिति एवं उप क्षेत्रीय समितिका संयोजकहरु सम्मिलित संयुक्त वैठकमा संस्थाको आ.व. २०७९/०८० को अर्धवार्षिक समिक्षा भएको र सो समिक्षामा संस्थाको अवस्था सन्तोषजनक रहको वैठकको निष्कर्ष रहेको ।

(११) जिल्ला बचत संघ गोरखामा रहेको यस संस्थाको शेयर रकममा रु. १०,०००।- शेयर थप गरिएको ।

(१२) सहकारीको दीगो विकासको लागि नेफ्स्कूनवाट सञ्चालित PROBATION कार्यक्रममा समाविष्ट भएको गण्डकी प्रथम क्लष्टरका साकोसहरु बीच ३/३ महिनामा आयोजना हुने कार्य कुशलता सिकाई तथा व्यवस्थापन कार्यशालामा यस संस्थावाट सञ्चालक समितिको पदाधिकारी एवं व्यवस्थापकको सहभागिता भै रहेको र सो कार्यशालाबाट प्राप्त भएका सुझावहरुको कार्यान्वयन वारे सञ्चालक समितिमा ब्यापक छलफल हुने गरेको ।

(१३) २०७९ साल फाल्गुण १५ गते संस्थाको ३० औं स्थापना दिवशको अवसरमा :

- फाल्गुण १४ गते विहान संस्थाको भवन परिसरमा सरसफाई कार्यक्रम गरिएको ।
- २०७९ फाल्गुण महिनाभरी सदस्यता बन्ने ब्यक्तिहरुलाई प्रवेश शुल्क रु. ४५०।- छुट गरिएको ।

*फाल्गुण १५ गते स्थापना दिवश समारोह :*

- गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर रानाको प्रमुख आतिथ्यतामा समारोह गरिएको ।
- गोरखा नगरपालिका क्षेत्र भित्रका मा.वि. स्तर कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरु बीच "समृद्ध नेपाल, सुखी नेपाली, दरिलो आधार बचत सहकारी" विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको । जसमा ९ वटा विद्यालय सहभागी भएका थिए ।
- शे.द.नं. २७१ की श्री विष्णुहरी मरहट्टालाई विशेष जेष्ठ सदस्य अन्तर्गत रु. ५,०००।- र हर्लिक्स सहित दोसल्ला ओढाई सम्मान गरिएको ।

- शे.द.नं. १४९ की श्री जगत बहादुर राना र शे.द.नं. ३४४ का श्री सुमित्रा आचार्यलाई जेष्ठ सदस्य सम्मान गरिएको ।
- शे.द.नं. १७०७ का श्री थिरभक्त श्रेष्ठलाई असल बचत कर्ता सम्मान गरिएको ।
- शे.द.नं. १२० का श्री सुरेश मरहट्टालाई पि.एच.डि. सम्मान गरिएको ।
- शे.द.नं. ११८ का श्री रामजी श्रेष्ठ, शे.द.नं. ४७८ की श्री शिला थापा र शे.द.नं. ६३४ का श्री गणेश कुमारी श्रेष्ठ असल उद्यमी अर्न्तगत सम्मान गरिएको ।
- सरकारी र नीजि विद्यालयवाट २०७८ सालमा कक्षा १ देखि १० सम्म कक्षागत उत्कृष्टता हासिल गर्ने शेयर सदस्यका छोरा छोरी, सरकारी र नीजि विद्यालय तर्फ छुट्टाछुट्टै तथा कक्षा ११ र १२ (सरकारी र नीजि नहुने) पास गर्ने विद्यार्थीहरुलाई नगद रकम पुरस्कृत गरिएको ।
- समारोहको बीच आयोजना गरिएको वक्तृत्वकला प्रतियोगितामा विजेता प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको ।

  प्रथम : श्री आरती गुरुङ्ग - श्री महालक्ष्मी माध्यमिक विद्यालय, लक्ष्मीबजार, गोरखा ।

  द्धितीय : श्री आरिफा खातुन - मोडर्न सेकेन्डरी स्कूल, हरमटारी, गोरखा ।

  तृतीय : श्री एलिना मग्राती - श्री नवज्योति माध्यमिक विद्यालय, डण्डीडाँडा, गोरखा ।

  सान्त्वना : श्री प्रजिता वानियाँ - द वल्ड क्यापिटल सेकेन्डरी स्कूल, रानीबन, गोरखा ।

(१४) संस्थामा रहेको सानो हल र रजत हलको भाडादर निम्न बमोजिम कायम गर्ने निर्णय भएको ।

१४.१. सभा सम्मेलन, तालिम, गोष्ठी - सानो हल रु. १,५००।- रजत हल रु. २,५००।-

१४.२. विबाह, ब्रतवन्ध, भोज भतेर - सानो हल रु. ३,०००।- रजत हल रु. ४,०००।-

१४.३. सि.नं. १४.१ र १४.२ मा उल्लेखित भाडा रकममा सरसफाई खर्च थप सानो हल रु. ३००।- रजत हल रु. ४००।-

सि.नं. १४.१. र १४.२. मा उल्लेखित भाडा रकममा यस संस्थाको शेयर सदस्यज्यूहरु र सहकारीसँग सम्वन्धित संघ संस्थाहरुलाई १०% छुटको व्यवस्था गरिएको ।

(१५) संस्थाको वार्षिक कार्ययोजना, सूचना एवं जानकारीमूलक सन्देश समेत समेटिने गरी संस्थाको चिनारी अभिवृद्धिको रुपमा संस्थावाट बि.सं. २०८० सालको क्यालेन्डर १,००० थान प्रकाशित गरिएको ।

(१६) संस्थामा सञ्चालनमा रहेको बैकिङ्ग कारोवारहरुलाई E-Banking प्रणालीमा विस्तार गर्ने सन्दर्भमा Primium Tecnology बाट Mobile Banking Software सञ्चालनमा ल्याइएको र सो वापत रु. २,१०,०००।- सम्वन्धित कम्पनीलाई भूक्तानी गरिएको ।

(१७) गोरखा नगरपालिकाको आयोजनामा मिति २०७९ साल चैत्र २० गते भएको ६६ औं सहकारी दिवशको अवसरमा यस संस्थाले साउन्ड सिस्टमको जिम्मेवारी पुरा गरी उल्लेख्य सहभागिता जनाइएको ।

(१८) संस्थाको ज्येष्ठ सदस्यहरु ३२ जनालाई मिति २०७९ चैत्र २५ गते नवलपरासीको त्रिवेणी धाममा १ दिने तिर्थाटन गराइएको र सो भ्रमाणमा भएको खर्च रु. ५०,५८५।- वैठकवाट अनुमोदन गरिएको ।

(१९) गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. गोरखाको मिति २०७९/१०/२१ गते भएको विशेष साधारण सभावाट यस संस्थाका वरिष्ठ उपाध्यक्ष श्री सुशील अर्यालज्यू

महासचिव पदमा चयन हुनु भएकोमा वैठकवाट उहाँलाई हार्दिक बधाई ज्ञापनको साथै सफल कार्यकालको शुभ कामना ब्यक्त गरिएको ।

(२०) नेफ्स्कूनवाट समय समयमा यस संस्थामा अनुगमन एवं निरीक्षण कार्यको लागि On Site Visit हुने गरेको र सोबाट प्राप्त सुझावहरु कार्यान्वयनको लागि वैठकमा आवश्यक छलफल हुने गरेको छ ।

(२१) संस्थाको रु. ३ करोड नेफ्स्कूनको ३ महिने आवधिक बचत खातामा वैठकको निर्णयानुसार राखिएको ।

(२२) संस्थामा सञ्लानमा आएको मोबाइल बैकिङ्ग सेवाको प्रयोग कर्ता सदस्यहरुसँग व्यवस्थापन तहवाट लागत विश्लेषणात्मक अध्ययन गरी लगाइएको मोबाइल बैकिङ्ग सुविधा शुल्क रु. ३००।- वैठकवाट अनुमोदन गरिएको ।

(२३) गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. गोरखामा सो संस्थाको पत्रानुसार रु. ६,०००।- शुल्क बुझाई यो संस्था नबिकरण गरिएको ।

(२४) समय समयमा सञ्चालक समिति र व्यवस्थापन तह बीच संयुक्त बैठकहरु वस्ने गरिएको ।

(२५) संस्थाको कार्यक्षेत्र भित्रको क्षेत्र नं. २/५ को छेपेटार एरिया र क्षेत्र नं. २/४ का शेयर सदस्य एवं गैह्र सदस्य समेतलाई क्रमशः मिति २०८०/०१/३० गते तारा मा.वि. छेपेटार र २०८०/०२/१३ गते गोरखा नगरपालिकको सभाहलमा वित्तीय साक्षरता एवं सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।

(२६) संस्थाको आयोजना एवं नेफ्स्कूनको प्राविधिक सहयोगमा मिति २०८० जेष्ठ २० र २१ गते संस्थाको रजत हलमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरु, विभिन्न उप-समितिका पदाधिकारी एवं सदस्यहरु, क्षेत्रीय संयोजकहरु र व्यवस्थापन तह सम्मिलितलाई सक्षमता विकास तालिम लिइएको ।

(२७) संस्थाको सवलता एवं सुदृढिकरणको लागि विज्ञको प्राविधिक सहयोगमा संस्थाको ३ वर्षे रणनीतिक योजना तयार गर्ने निर्णय भएको ।

(२८) संस्थाको क्षेत्र नं. २ को उपक्षेत्र नं. ५ मा पर्ने छेपेटार एरियाका शेयर सदस्यहरुलाई मासिक बचत जम्मा गर्न ऋणको किस्ता वुझाउन संस्थाको कार्यालय आउन अपायक ( टाढा) भै असुविधा भएको कारण सो एरियामा उक्त कार्य गर्ने गरी छेपेटार निवासी यस संस्थाका शेयर सदस्य श्री शंकरमान श्रेष्ठलाई मासिक खाजा खर्च रु. १,५००।- दिने गरी यस संस्थाको सम्पर्क ब्यक्तिको रुपमा नियुक्ति पत्र दिइएको ।

(२९) संस्थामा छुट्याइएको स्थिरीकरण कोषमा रहेको रकम मध्ये हालसम्म विभिन्न मितिमा रु. १,०७,०००।-  (एक लाख सातहजार) केन्द्रीय स्थिरीकरण कोषमा पठाइएकोमा गत आ.व. २०७८/०७९ मा सो कोषमा छुट्याइएको रकम मध्येवाट रु ३०,०००।- (तीस हजार) सो कोषको केन्द्रमा वैठकको निर्णयानुसार पठाइएको ।

(३०) मिति २०८० असार १५ गते संस्थाको सभाहलमा भएको गोरखा जिल्लामा सञ्चालित सहकारीका ब्यवस्थापकहरुको भेलामा गठित Co-Operative Menager's Club गोरखाको तदर्थ समितिको अध्यक्षमा यस संस्थाका ब्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठज्यू चयन हुनु भएकोमा वैठकवाट हार्दिक वधाइका साथ सफल कार्यकालको शुभ-कामना ब्यक्त गरिएको ।

(३१) आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम, प्रस्तावित बजेट र वार्षिक कार्ययोजना सञ्चालक समितिवाट छलफल पारित भै विभिन्न उप-समितिहरु सम्मिलित सञ्चालक समितिको संयुक्त वैठकवाट समेत पारित गरिएको ।

(३२) संस्थाको WebSite निर्माण गरी संचालन गरिएको छ । वेव साइट www. himchulisaccos.coop.np रहेको छ ।

(३३) यस संस्था र इच्छुक बचत तथा ऋण सहकारी संस्थाहरु एकीकरण (मर्ज) गरी संस्थालाई गुणस्तर रुपमा दीगो वनाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यवाट साकोस मर्ज प्रक्रियालाई अगाडि वढाउन निम्न बमोजिम सहकारी मर्ज कार्यदल गठन गर्ने निर्णय भएको ।

संयोजक : श्री सुशील अर्याल (सञ्चालक समिति वरिष्ठ उपाध्यक्ष)
सदस्य : श्री सहदेव प्रसाद श्रेष्ठ (सञ्चालक समिति सचिव)
सदस्य : श्री रामचन्द्र आचार्य (सञ्चालक समिति कोषाध्यक्ष)
सदस्य : श्री सुमन ज्ञवाली (सञ्चालक समिति सदस्य एवं ऋण उउ-समिति संयोजक)
सदस्य : श्री प्रेम कुमार श्रेष्ठ (ब्यवस्थापक)

(३४) यस संस्थाको आ. व. २०७९/०८० को लेखापरीक्षण पि. आर. उपाध्याय एण्ड कम्पनिका चार्टड एकाउन्टेन्ट श्री प्रदिप राज उपाध्यायवाट गराइएको ।

(३५) दुई हजार भन्दा वढी सदस्य भएको संस्थाको कार्यक्षेत्रलाई ७ क्षेत्र वनाई आवश्यक कार्यान्वयन गर्ने भनी सहकारी विभागको २०७९/०५/०९ को निर्देशन, संस्थाको पुनर्लिखित विनियम २०७८, संस्थाको साँगठनिक संरचना कार्यविधि बमोजिम साविकमा रहेको यस संस्थाको ९ वटा उपक्षेत्रलाई खारेज गरी ७ वटा क्षेत्र सञ्चालक समितिको वैठकको निर्णय अनुसार कायम गरी क्षेत्रगत सिमाना निर्धारण गरिएको । जुन निम्न अनुसार रहेको छ ।

## नयाँ क्षेत्रको सीमा विभाजन

क्षेत्र नं. १, गोरखा नगरपालिका वडा नं. ७ को छिपिटोल, नयाँवजार, नयाँ वसपार्क, माथिल्लो वतासे (बिसौनीको मोड हुदै वतासे, गोरखा क्याम्पस रोडदेखि उत्तर तर्फ), सालबोटे, मसार, रमाइलो वस्ती नयाँटोल, धारापानी, वडा नं.-७ तिर पर्ने रोहटेपानी, भाँगावारी, वडा नं.-७ तिर पर्ने सतिपिपल, काडाभ्याङ्ग लगायत ठाउँका सदस्यहरु,

क्षेत्र नं. २, गोरखा नगरपालिका वडा नं. ७ को खिरेपानी, विसौनी-वतासे-गोरखा क्याम्पस रोडदेखि दक्षिण तर्फको भाग, तल्लो वतासे, पन्थेस्वाँरा, गैरीपिपल, थर्पु, बेलडाँडा, मन्सरे, खत्रीगाउँ, नवज्योति मा. वि. आसपास, माथिल्लो डण्डीडाँडा, तल्लो डण्डीडाँडा, हिलेपोखरी, मधुपानी, मान्द्रेढुङ्गा, गोरखा क्याम्पस गेट वरपरका शेयर सदस्यहरु,

क्षेत्र नं. ३, साविकको नारेश्वर गा.वि.स. का सम्पूर्ण भागहरु, (घलाङ्ग, पडेनीचौतारा, रातमाटे, आँपचौर, गाईखुर, होल्सिङ्ग, चिसापानी, भोगटेनी, नारेश्वर, कान्तेस्वाँरा, हुलाकडाँडा, मानेपानी), स्वाँरा, काफलघारी, गैरीकुवा, पदेलथोक, पिपलथोक, वडा नं.- ५ मा पर्ने सतिपिपल, मैदान, वडा नं.-५ मा पर्ने रोहटेपानी, पस्लाङ्ग, अमराई, नाङलेपानी, सानो रिप, ठूलो रिप, शिवटोल (वडा नं. ५ को सम्पूर्ण भागहरु)

क्षेत्र नं. ४, गोरखा नगरपालिका वडा नं. ६ को सतिपिपल, पोखराथोक, सातधुरे, हटियाथोक, गोरखा दरवारदेखि दक्षिण तर्फका भागहरु, दरवार मार्ग, सञ्चार मार्ग, तिनधारे, पाटेचौर, गणेशथान देखि गोदामघर निरको भिमसेन मन्दीरवाट हरमटारी निस्कने ठाडो वाटोदेखि शहिद गेटमा निस्कने मोटर बाटोवाट पश्चिम तर्फका भाग, हरमटारी, प्रशासन चोक, कालीमाटी, विसौनी मोड, भिआइपी टोल, शक्तिचोक, बैंकरोड, पुरानो वसपार्क, पदेली, ठूलोआँगन, छहरे

क्षेत्र नं. ५, हरमटारीवाट पाटेचौर निस्कने ठाडो वाटोको उत्तर तर्फवाट गणेश थान देखि सरस्वती मार्ग जाने वाटोवाट दूर सञ्चार कार्यालय जाने वाटोदेखि पूर्व पट्टिका भागहरु, भण्डारी गाउँ, सरस्वती मार्ग, रानीवन, रानीवन छापगाउँ, बराहा, खोलखोले खोला देखि पश्चिम तर्फका भागहरु, अस्पताल मार्ग, अर्याल मार्ग, चालिसे चोक, खेलकुद मैदान, हरमटारी (शहिदगेट देखि पूर्व तर्फका भागहरु, आयूर्वेदिक चोक, प्रतिक्षालय, चाइनिज धारा, आलेगाउँ, खल्लुवोटे, चुच्चेढुङ्गा, डुम्रीडाँडा, नौविसे, सिमलगैरी, खाल्टे

क्षेत्र नं. ६, गोरखा नगरपालिका वडा नं. ८ को थाकलडाँडा, रानीश्वाँरा, आँपस्वाँरा, आहाले, कट्टेलडाँडा, आमडाँडा, भुसाल गाउँ, ढुङ्गागाडे, खोलखोले खोलावाट पूर्वतर्फका भागहरु, ठिगुरेस्वाँरा, लक्ष्मीबजार, पिपल बोट अर्थात वडा नं. ९ का सम्पूर्ण भागहरु र वडा नं. १, २ र ४ नं. वडाका शेयर सदस्यहरु समेत

क्षेत्र नं. ७, गोरखा नगरपालिका वडा नं. १०, ११, १२, १३ र १४ का शेयर सदस्यहरु

(३५) संस्थाको मिति २०८० असोज २७ गते हुने ३१ औं वार्षिक साधारण सभाको सन्दर्भमा मिति २०८० असोज ४ गतेदेखि ७ गतेसम्म ७ वटा क्षेत्रको क्षेत्रीय साधारण सभा सम्पन्न गरी सो सभाबाट प्रत्येक क्षेत्रमा ९ सदस्यीय क्षेत्रीय समिति गठन गर्नुका साथै साधारण सभाको लागि प्रतिनिधि संख्या २५० जना चयन गरिएको ।

९. कर्मचारी विवरण :

यस संस्थामा ६ जना कर्मचारी र १ जना रात्री चौकीदारवाट संस्थाको सम्पूर्ण कार्यहरु भैराखेको छ ।

१०. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमहरु :

प्रजातन्त्रको पुर्नस्थापना पश्चात देशमा भएको राजनीतिक परिवर्तन पश्चात सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ को अधिनमा रही ३० जना सदस्यहरुको संयुक्त प्रयासवाट २०४९ फागुन १५ गतेका दिन यस हिमचुली बचत तथा ऋृण सहकारी संस्था लि. को स्थापना भई निरन्तर आफ्ना कार्यक्षेत्र भित्रका शेयर सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उत्थानका लागि क्रियाशिल रहेको ब्यहोरा हामी सवैमा विदित नै छ ।

संस्थाको मौजुदा नेतृत्व तहवाट ब्यवस्थापन तह र शेयर सदस्यज्यूहरुसँग समन्वयात्मक भूमिका निर्वाह गर्दै शेयर सदस्यज्यूहरुको अधिक सहभागिता एवं क्रियाशिलतामा संस्थालाई थप मजबुत वनाई नमूना योग्य साकोसको रुपमा स्थापित गर्न हमेशा दत्तचित्त रहने प्रण ब्यक्त गर्दै आ.व. २०८०/०८१ को लागि नीति तथा कार्यक्रमको

प्रस्ताव गरिरहदा सञ्चालक समितिले आफ्नो कार्य सञ्चालनको क्रममा देखिन आएका अनुभव, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, महिला उपसमिति, शिक्षा उपसमिति, व्यवसाय प्रवर्द्धन उपसमिति, यूवा उपसमिति एवं क्षेत्रीय समितिका साथै शेयर सदस्यज्यूहरुवाट मौखिक तथा लिखित रुपमा प्राप्त हुन आएका सुझावहरुको आधारमा तपशिलमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रस्ताव प्रस्तुत गरिएको छ ।

**बचत :**

१. हाल संचालनमा रहेका बचतका प्रकारहरुको कारोवार एवं औचित्यताको विश्लेषण गर्दै संशोधनात्मक रुपमा तथा थप बचतका प्रकारहरु सृजना गर्दै बचतका लागि सदस्यहरु माझ प्रभावकारी ढंगवाट सचेतनामूलक संचार गरिनेछ ।

२. संस्थाको नियमित रुपमा प्राप्त हुने पूँजीको रुपमा रहेको नियमित मासिक बचत रु. २००।- समयमा नै संस्थामा वुझाउनको लागि सदस्यहरुलाई प्रभावकारी ढंगवाट सूचना सम्प्रेषण गरिनेछ ।

३. लामो समयसम्म नियमित मासिक बचत नगर्ने शेयर सदस्यहरुज्यूहरुलाई बचत गर्न प्रोत्साहन एवं अभिप्रेरित गरिनेछ ।

४. सदस्यहरुको बचत रकमको सुरक्षाको सुनिश्चितताको प्रत्याभूति गर्दै संस्थामा नियमित रुपमा तरलताको व्यवस्थापन तर्फ सम्वेदनशिलता अपनाइनेछ ।

५. मासिक नियमित बचत सहित कम्तिमा ३ वटा बचतका विधाहरुमा सहभागी भएको साथै आफूले लिएको ऋणको नियमित रुपमा किस्ता बुझाउने शेयर सदस्यहरुलाई बचतवाट प्राप्त गरेको ब्याज र ऋणमा बुझाएको ब्याज रकमको आधारमा प्रोत्साहन स्वरुप संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गरिने नीतिलाई निरन्तर कायम गर्दै सो सम्वन्धी विस्तृत जानकारी सदस्यहरुले अनिवार्य रुपमा राख्नु पर्ने महत्वलाई दृष्टिगत गरी आवश्यक सूचना निरन्तर सम्प्रेषण गरिनेछ ।

६. खर्च नभई संचित रहेको विभिन्न उपयुक्त कोषहरुको रकम संस्थाको मजबुतिकरणका लागि जगेडा कोष बृद्धि गर्न विगतमा जसरी नै जगेडा कोषमा हस्तान्तरण गरिनेछ ।

**ऋण :**

७. संस्थावाट ऋण प्रदान गर्दा उत्पादनमूलक, आयमूलक एवं रोजगार जन्य व्यवसायलाई ध्यानमा राख्दै कृषि एवं पशुपंक्षी जन्य उद्योगलाई पहिलो प्राथमिकता दिइनेछ ।

८. संस्थावाट ऋण प्रदान गर्दा ५ सि लाई थप बस्तुनिष्ठ तवरवाट विश्लेषण गर्ने प्रक्रियाको अवलम्बन गर्दै सुरक्षित ऋणको सुनिश्चितता कायम गर्ने तर्फ संस्था सदैव क्रियाशिल रहनेछ ।

९. संस्थामा आफूले लिएको ऋणको किस्ता, सावाँ र ब्याज शर्तनामा अनुसार नियमित रुपमा बुझाउनु पर्ने ब्याजको २% छुट ऋणी सदस्यहरुलाई प्रदान गर्दै आएको नीतिलाई निरन्तरता दिइनेछ ।

१०. संस्थामा ऋण लगानीको अवस्था, आवश्यकता र औचित्यतताको विश्लेषण गरी सम्वन्धित निकायसँग वाह्य ऋण लिने प्रक्रिया अगाडि वढाइनेछ ।

११. संस्थामा रहन सक्ने सम्भावित खराव ऋणीको पहिचान गरी नियामक निकाय गोरखा नगरपालिकासँग आवश्यक समन्वय गरी त्यस्ता ऋणीहरुको जमानत वापत राखिएको धितो लिलाम बिक्री गर्ने तर्फ आवश्यक कार्यविधि अगाडि वढाइनेछ ।

१२. यस संस्थावाट लिएको ऋणको सदुपयोगितावाट सफल उद्यमीहरुको लागि नमूना योग्य उद्योग व्यवसाय अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१३. सञ्चालक समिति, पदाधिकारी र सदस्यहरुलाई ऋण लगानी गर्ने कार्यमा न्यूनीकरण गर्दै लगिनेछ ।

१४. कृषि र पशुपंक्षी जन्य व्यवसायको लागि व्यवसाय परियोजनाको बीमा ऋणी सदस्यहरुवाट गराउने व्यवस्था पुरा भएपछि मात्र सो क्षेत्रमा ऋण लगानी गरिनेछ ।

१५. संस्थाको कार्यक्षेत्र भित्र रहेका संस्थावाट ऋण लिई वा नलिई सफल हुने व्यवसायी एवं उद्यमी शेयर सदस्य वा गैह्र सदस्य समेतलाई स्रोत व्यक्तिको रुपमा समावेश गरी संस्थाका शेयर सदस्यहरुलाई सफल व्यवसायी वन्ने उत्प्रेरणात्मक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ ।

**महिला लक्षित :**

१६. महिला प्रजनन र स्वास्थ्य सम्वन्धी जन चेतनात्मक कार्यक्रमका साथ स्वास्थ्य शिविरको व्यवस्थापन गरिनेछ ।

१७. एकल महिला शेयर सदस्यहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम गरिनेछ ।

१८. दुई वटा सम्म बच्चा जन्माउदा प्रसुति राहत खर्च वापत महिला सदस्यहरुलाई दिइदै आएको रु. १,५००।- मा रकम थप गर्ने प्रवन्ध गरिनेछ ।

**शिक्षा :**

१९. सहकारीको प्रवर्द्धनार्थ प्रचारात्मक अभियान अन्तर्गत माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई सहकारी शिक्षाको कार्यक्रमको आयोजना गरिनेछ ।

२०. विद्यार्थीहरुको प्रतिभा उजागर गर्नका लागि निवन्ध प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता एवं वक्तृत्वकला प्रतियोगिता जस्ता विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. शेयर सदस्यहरुका कक्षा १ देखि कक्षा १० सम्म कक्षागत उत्कृष्टताको आधारमा संस्थागत र सामुदायिक विद्यालयवाट १/१ जनालाई र कक्षा ११ र १२ वाट १/१ जनालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. संस्थाको कार्यक्षेत्र भित्रको असहाय र गरिबीको कारण अध्ययनवाट वञ्चित हुने अवस्था सिर्जना भएका शेयर सदस्य वा गैह्र सदस्य समेतको छोरा/छोरी मध्ये १/१ जनालाई सरकारी विद्यालयमा अध्ययन गर्न निर्धारित कार्यविधि बमोजिम **"हिमचुली छात्रवृत्ति"** प्रदान गरिनेछ ।

२३. संस्थाको विश्वसनियता एवं सुरक्षा सुनिश्चितताको प्रत्याभूतिको लागि शेयर सदस्य तथा गैर सदस्यहरु समेतमा निकट सम्वन्ध स्थापित गर्दै वित्तीय साक्षरता एवं सहकारी शिक्षाका कार्यक्रमहरु निरन्तर रुपमा गरिनेछन् ।

**यूवा लक्षित :**

२४. यूवा सदस्यहरुको सञ्जाल वनाई "यूवासँग सहकारी" भन्ने नारालाई सार्थकतामा परिणत गर्न यूवाहरुको भेला गरी सहकारी अभियानलाई सफलिभूत पार्न आवश्यक भूमिका निर्वाह साथ योगदान गर्नका लागि यूवाहरुलाई अभिप्रेरित गर्न पुस्तान्तरण भेला कार्यक्रमको आयोजना गरिनेछ ।

२५. यूवाहरुलाई आवश्यक ब्यावसायिक तालिम प्रदान गर्ने र यूवा लक्षित स्वास्थ्य सचेतनात्मक कार्यक्रम एवं अन्य सहकारी अवलोकन भ्रमणको कार्यक्रम गरिनेछ ।

२६. वैदेशिक रोजगारवाट सिप, क्षमता र अनुभव प्राप्त गरी स्वदेश फर्किएका यूवाहरुलाई उत्पादनमूलक, आयमूलक एवं रोजगारमूलक कृषि एवं पशुपंक्षीजन्य ब्यवसायको लागि संस्थावाट सुलभ ब्याजदरमा ऋण प्रदान गरिनेछ ।

**ब्यवसाय प्रवर्द्धन :**

२७. संस्थाको बेरोजगार सदस्यहरुलाई स्वरोजगारका लागि आवश्यकता एवं प्राथमिकताको आधारमा निम्न विषयहरुमा तालिम सञ्चालनको ब्यवस्था मिलाइनेछ ।

| | | |
|---|---|---|
| १. कपाल काट्ने तालिम | २. टुरिस्ट गाइड | ३. च्याउ खेती |
| ४. ब्यूटिसियन तालिम | ५. कृषि सम्वन्धी | ६. बंगुर पालन |
| ७. वायरिङ्ग र प्लम्बिङ्ग | ८. कुक सम्वन्धी | ९. कम्प्यूटर तालिम |
| १०. कर सम्वन्धी जानकारी | ११. मौरी पालन | |

२८. ब्यवसाय प्रवर्द्धन उप समितिको समन्वयमा महिलाहरुलाई आय आर्जनमूलक ब्यवसायको लागि आवश्यक तालिमको ब्यवस्थापन गरिनेछ । यसमा सामूहिक उत्पादन प्रणालीमा अगाडि वढ्नका लागि विशेष उत्प्रेरित गरिनेछ ।

२९. ब्यवसाय वा उद्योग सञ्चालन गरिरहनु भएका वा गर्ने सोच भएका उद्यमी सदस्यहरुलाई उहाँहरुको इच्छा/चाहना अनुसार विषयगत उद्योग वा ब्यवसाय सम्वन्धी प्रशिक्षणको कार्यक्रम सञ्चालन गरिनेछन् ।

**सुशासन प्रवर्द्धन :**

३०. संस्थाको मालिकको रुपमा रहनु भएका शेयर सदस्यहरुलाई संस्थामा सेवा लिन आउदा आतिथ्यता पूर्वक सौहाद्रता पूर्ण तवरवाट First Come First Serve को रुपमा सेवा प्रदान गरिनेछ ।

३१. सेवाग्राहीलाई सहजताको लागि काउन्टर कक्ष परिसरमा सोधपुछ कक्ष एवं सहायता कक्षको ब्यवस्थापन गरिनेछ ।

३२. सेवाग्राहीहरुको सघनता भई सेवा लिन असहज हुने परिस्थितिमा टोकन प्रणालीवाट ब्यवस्थापन गरिनेछ ।

३३. संस्थामा मितब्ययिताको सिद्धान्तलाई अबलम्वन गर्दै संस्थाको सम्पत्ति दुरुपयोग हुन नदिने एवं भ्रष्ट्राचार र दूराचार प्रति सून्य शहनशिलताको नीति अख्तियार गरिनेछ ।

३४. संस्थामा नीति, विधि र प्रविधिमा आधारित रही सुशासन स्थापनाको लागि सदैव प्रयत्नशिल रहनेछ । “संस्थाको दिगोपन, स्वनियमन र सुशासन” भन्ने तथ्यलाई मनन गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त ढंगवाट मजबुत वनाइनेछ ।

३५. संस्थाको दिगोपन र सुदृढिकरणका लागि नेफ्स्कूनवाट सञ्चालन भएको स्तरिकरण कार्यक्रम PROBATION को ब्रान्ड प्राप्तिका लागि समस्यामा रहेको भाखा नाघेको ऋण ५% भन्दा कम हुनु पर्ने सूचकको सन्दर्भमा विशेषतः भाखा नाघेको ऋणी सदस्य ज्यूहहरुलाई संस्था प्रति अपनत्व भाव राखी सम्वेदनशिल भै नैतिक एवं चारीत्रिक सम्पत्तिलाई नगुमाई संस्थालाई सहज ढंगवाट सहयोग गर्न संस्थावाट निरन्तर रुपमा सदस्यहरुलाई सौहाद्रपूर्ण ढंगवाट अभिप्रेरित गर्ने कार्य गरिनेछ ।

३६. संस्थाको वित्तीय सक्षमता र व्यवस्थापकिय कार्यकुशलता मापन गर्ने PROBATION अन्तर्गतको साधन PEARLS र HIMAL सूचकांकहरुको बस्तुनिष्ठ तवरवाट थप विश्लेषणात्मक अध्ययन गरी PROBATION ब्रान्ड प्राप्तिको लागि आवश्यक रणनीतिहरु अबलम्वन गरिनेछ ।

३७. यस संस्थावाट गरिने हरेको क्रियाकलाप एवं गतिविधिहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड एवं दिग्दर्शन र संस्थावाट तयार भएको विनियम, नीति, कार्यविधि अनुसार सञ्चालन गरी संस्थामा सुशासन स्थापित गरिनेछ ।

३८. संस्था र संस्थासँग सम्बन्धित विभिन्न गतिविधि एवं क्रियाकलापहरु समेटिएको डकुमेन्ट्री तयार गरिनेछ ।

**सूचना प्रविधि :**

३९. संस्थामा ०७९/०८० मा मोबाइल बैंकिङ्ग सञ्चालनमा आइसकेकोले सो सेवामा सवै सदस्यहरुलाई सहभागिताको लागि प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्दै E-Banking को अन्य थप सेवाहरु पनि क्रमशः सञ्चालन गरिदै लगिनेछ ।

४०. संस्थासँग सम्बन्धित जानकारीहरु आ.व. ०७९/८० मा निर्माण गरिएको संस्थाको वेभसाइट www. himchulisaccos.coop.np मा अद्यावधिक रुपमा राखिनेछ ।

४१. संस्थाको संरक्षण, सम्बर्द्धन र नियमितताको लागि नियामक निकायको अनुगमन कार्यमा सहजता ल्याउन सञ्चालनमा आएको सफ्टवयर COPOMIS मा संस्थाको सूचना, तथ्याङ्क एवं संस्थासँग सम्बन्धित आवश्यक सम्पूर्ण गतिविधिका विवरणहरु प्रभावकारी रुपवाट अभिलेखीकरण गरिनेछ ।

४२. सदस्यहरुलाई सिस्टम प्रिन्टेड डिपोजिट स्लिप भौंचरको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

४३. सूचनाको हक सम्वन्धी ऐन-२०६४, बमोजिम संस्थाको वित्तीय विवरण लगायत सम्पूर्ण गतिविधि एवं क्रियाकलापहरुको वारेमा जन समुदायमा सूचना पाउने हकको प्रत्याभूति गर्दै सूचना अधिकारीको भूमिकालाई थप सशक्त वनाइनेछ ।

**सामाजिक क्षेत्र :**

४४. अपाङ्ग लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४५. ज्येष्ठ सदस्यहरुलाई धार्मिक तिर्थाटन गराउने विगतको कार्यलाई निरन्तरता दिइनेछ ।

४६. विवाह, ब्रतवन्ध, पास्नी, बैवाहिक वर्षगाँठ, जन्मदिन एवं धार्मिक चाड पर्वहरुमा भड्किलो रुपमा गरिने अनावश्यक खर्च गर्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ ।

४७. प्राकृतिक प्रकोप वा भबितव्य परी ऋणी सदस्यहरुको व्यवसायमा हानी नोक्शानी भएमा सो को संस्थावाट स्थलगत निरीक्षण र अनुगमन गरी क्षतिको एकिन प्रमाणित गरेर संस्थामा वुझाउनु पर्ने ब्याज रकममा सञ्चालक समितिको निर्णय अनुसार केही प्रतिशत छुट दिने ब्यवस्था गरिनेछ ।

**ब्यवस्थापन तह तर्फ :**

४८. संस्थामा कर्मचारीहरुको कार्य सम्पादनको आधारमा सेवा सुविधा, दण्ड पुरस्कार ब्यवस्थापन गर्ने सन्दर्भमा सवै कर्मचारीहरुलाई वार्षिक लक्ष्य समेत तोकिएको कार्य विवरण (JD) दिई सो को प्रगति विवरण त्रैमासिक रुपमा पेश अनिवार्य रुपमा गर्नु पर्ने ब्यवस्था गरिनेछ ।

४९. संस्थालाई मजबुत पार्न अहम भूमिका रहने स्थायी संयन्त्रको रुपमा रहेको कर्मचारीहरुलाई आवश्यक ज्ञान, सिप र क्षमता अभिबृद्धिको लागि समयानुकूल सूचना प्रविधि लगायत विविध तालिमको व्यवस्थापन गरिनेछ ।

५०. संस्थामा तथ्याङ्क एवं अभिलेखहरु सुरक्षित एवं भरपर्दो रुपमा राखिनेछ ।

**सम्मान कार्यक्रम तर्फ :**

५१. संस्थावाट प्रदान गरिएको ऋणको सदुपयोगिता वारे प्रभावकारी रुपमा निरीक्षण र अनुगमनको व्यवस्था मिलाई ऋणको सही सदुपयोग गरी सफलता प्राप्त गर्नु हुने कृषि एवं पशुपंक्षी जन्य उद्यमीहरुलाई उचित सम्मानको साथ पुरस्कृत गरिनेछ ।

५२. नयाँ चिजको अनुसन्धान एवं आविष्कार गर्ने साथै आफ्नो सिप कला विशेष रुपमा समुदाय स्तरमा प्रदर्शन गर्ने क्षमता भएका यस संस्थाको कार्यक्षेत्र भित्रका विद्यार्थीहरु र शेयर सदस्य एवं परिवारजनलाई सम्मानका साथ प्रोत्साहन स्वरुप आर्थिक सहयोग प्रदान गरिनेछ ।

५३. संस्थाको सफल उत्कृष्ट महिला व्यवसायीलाई संस्थावाट आयोजना गरिने विशेष सभा समारोहमा सम्मान गरिनेछ ।

५४. असल बचत कर्ता, असल उद्यमी, ज्येष्ठ शेयर सदस्य, विशेष ज्येष्ठ शेयर सदस्यहरु ८४ र १०० वर्ष भएकाहरु र पि.एच.डि. गर्ने शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. असक्त एवं दीर्घ रोगी, वृद्ध वृद्धा वुवा आमालाई सम्मानका साथ राम्रोसँग स्याहार-सुसार, पालन-पोषण एवं हेर बिचार गर्ने शेयर सदस्य र गैह्र सदस्य समेतको छोरा, छोरी, बुहारीलाई सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।

**विविध :**

५६. सवै सदस्यहरुलाई अधिकतम शेयर रकम रु. २५,०००।- पुऱ्याई सदस्यस्ता कल्याणकारी कोषको रकमवाट अधिकतम सेवा उपयोग गर्नका लागि विगत देखि नै सदस्यहरुलाई सञ्चार गरिदै आएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

५७. संस्थाको कार्यक्षेत्र भित्रको पायक नपर्ने ठाउँमा रहेका सदस्यहरुलाई मासिक बचत जम्मा गर्न ऋणको किस्ता संस्थामा आई वुझाउन कठिनाई हुने अवस्थालाई दृष्टिगत गरी सो ठाउँहरुमा मासिक रुपमा घुम्ति सेवाको व्यवस्थापन वा सो कार्य गर्ने गरी सम्बन्धित स्थानमा रहेको सदस्यहरु मध्येबाट १ जनालाई सम्पर्क व्यक्ति तोकी सदस्यहरुलाई सेवा दिने व्यवस्था मिलाइनेछ ।

५८. सञ्चालक समिति अन्तर्गत रहेको विभिन्न उप समितिहरु र क्षेत्रीय समितिहरुलाई उत्प्रेरणाका साथ आवश्यक क्रियाशिल वनाइनेछ ।

५९. हातमुख जोर्न समस्या भई जीवन चर्या असहज भएका संस्थाका सदस्य वा कार्यक्षेत्र भित्रको गैह्र सदस्यहरुलाई क्षेत्रीय समितिको सिफारिसमा आवश्यक खाद्यान्न एवं विविध सहयोगको व्यवस्था गरिनेछ ।

६०. संस्थाको दिगो विकास र प्रवर्द्धनका लागि अनुभव एवं ज्ञान एक अर्को बीच आदान प्रदान गर्ने उद्देश्यवाट नमूना योग्य साकोसहरुको अध्ययन र अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

६१. सदस्यता राहत कोषमा जम्मा भएको रकमवाट सो कोष नीति बमोजिम शेयर सदस्यहरुलाई दिइने सेवा सुविधा वारे आवश्यक मापदण्ड कार्यान्वयनमा ल्याइनेछ ।

६२. हिमचुलीको पहिचान झल्कने गरी पाटी, पौवा, धारा, प्रतिक्षालय जस्ता सामाजिक निर्माणको कार्य गरिनेछ ।

११. आ.व. २०८०/०८१ को लागि प्रस्तावहरु :

१. संस्थाको नीति तथा कार्यक्रम सहित सचिवको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत र पारित सम्वन्धमा

२. कोषाध्यक्षको आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन र आ.व. २०८०/०८१ को प्रस्तावित बजेट छलफल र पारित सम्वन्धमा

३. आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन छलफल र पारित गर्ने सम्वन्धमा

४. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा

५. संस्थाको आ.व. २०७९/०८० को लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा

६. नीति, कार्यविधि र निर्देशिका निर्माण र संशोधन सम्वन्धमा

७. भिमकूल साकोस बोर्लाङ्गसँग संस्था एकीकरण गर्ने सम्वन्धमा

८. लेखापरीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने सम्वन्धमा

९. साधारण सभाको निर्णय पूस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि १४ जना चयन गर्ने सम्वन्धमा ।

१०. विविध

शेयर सदस्यहरु नै संस्थाको वास्तविक मालिक भएको हुनाले सदस्यहरुको आवश्यक सरसल्लाह, रचनात्मक सुझाव र खवरदारीबाट नै संस्थाले अग्रगतिमा जानको लागि प्रेरणा प्राप्त गर्दछ । सञ्चालक समिति, ब्यवस्थापन तह र शेयर सदस्यहरुको त्रिकोणात्मक सुझबुझ, सामञ्जस्य र समन्वयबाट नै संस्था गतिशिल हुने हुँदा शेयर सदस्यहरुकै भावना अनुरुप ब्यवस्थापन पक्षलाई आवश्यक मजबुतिकरण गर्दै सञ्चालक समितिबाट संस्थाको बृहत्तर हितको निम्ति सदा क्रियाशिल रहिरहेको र रहिरहने समेत प्रतिवद्धता ब्यक्त गर्दछौं । शेयर सदस्यज्यूहरुको जिम्मेवारी एवं कर्तब्य पालनाबाट नै संस्था जीवन्त रहने वातावरणको सृजना हुन्छ । संस्थाको हितको लागि सञ्चालक समिति र ब्यवस्थापन तह समेत सामूहिक जिम्मेवारी र जवाफदेहिताबाट नहट्ने संकल्प शेयर सदस्यहरु माझ अनुरोध गर्दै हामी सवैले निम्न बमोजिम दायित्व एवं कर्तब्य पालन गर्नलाई किञ्चित नभुलौं ।

(१) आफूसँग रहेको रकम निष्कृय रुपमा नराखी यस संस्थामा जम्मा गरी अपेक्षित ब्याजको लाभ प्राप्त गरौं ।

(२) ऋणी सदस्यहरुले समयमै किस्ता बुझाउनु भै असल सदस्यको परिचय दिऔं ।

(३) संस्थाले गरेको हरेक क्रियाकलाप, सभा, समारोहमा सहभागिता जनाई संस्थाको बारेमा आवश्यक जानकारी एवं जिज्ञासा गरी पृष्ठपोषण दिने गरौं ।

(४) संस्थामा आई संस्थाबाट गरिएको सेवा प्रवाह एवं सुशासन प्रवर्द्धनमा गरिएको विविध पक्षहरुका वारेमा सुक्ष्म रुपमा अवलोकन गर्नु भै अमूल्य राय सुझाव दिने गरौं ।

(५) सदस्य भएको ३ वर्ष भित्रमा आफूले संस्थामा जम्मा गरेको शेयर रकमको दोब्बर रकम अधिकतम रु. ५०,०००।- आफ्नो शेष पछि परिवारले पाउने हुँदा संस्थाको शेयर नीति बमोजिम अधिकतम शेयर रु. २५,०००।- निश्चित समय भित्र संस्थामा जम्मा गरौं ।

(६) सहकारी ऐन र नियमहरुको राम्रोसँग अध्ययन गरौं । यसबाट सहकारीको वित्तीय अवस्था लगायत विविध पक्षको जानकारी भै जोखिमयुक्त सहकारीको शिकार हुनबाट वञ्चितको लागि पूर्व सजगता अपनाऔं ।

(७) सहकारी व्यवसाय एवं अभियानलाई ध्वस्त पार्ने उद्देश्यबाट केही तत्वहरुले समुदायमा छरेको आश्वासन र भ्रमको पछाडि नलागी सकारात्मक सोंचका साथ कर्तब्यनिष्ठ होऔं ।

(८) बचत रकममा प्राप्त गरेको ब्याज र लिएको ऋणको संस्थामा बुझाएको ब्याजको आधारमा लेखा परीक्षणबाट छुट्याइएको संरक्षित पूँजी फिर्ता कोषबाट रकम पाउने हुँदा सो प्रावधान बारे सुक्ष्म रुपबाट जानकारी लिई सो अवसरबाट लाभान्वित हुन नचुकौं । नियमित रुपमा मासिक बचत र बिलम्ब शुल्क विना किस्ता बुझाउनेहरु र कम्तिमा ३ वटा बचतका प्रकारमा सहभागी हुनेहरुले मात्र यो अवसर पाउनेछन् ।

(९) संस्था प्रति कुनै शिकायत, गुनासो भएमा सिधै संस्थामा सम्पर्क राख्ने, फोन एवं विद्युतिय संचारको उपयोग गर्ने एवं गोप्य रुपमा सुझाव पेटीका समेतको प्रयोग गर्न नभुलौं ।

(१०) यस संस्थामा सदस्य वन्नको लागि छिमेकी दाजुभाई, दिदी वहिनी, इष्टमित्र एवं अन्य महानुभावहरुलाई उत्प्रेरित गरौं ।

अन्त्यमा, यस प्रतिवेदन उपर यहाँहरुको कुनै सल्लाह, सुझाव एवं जिज्ञासा भएमा स्वस्थ रुपवाट राख्नु हुन र प्रतिवेदन राम्रोसँग अध्ययन एवं छलफल गरी पारित गरी दिनुहुन अनुरोध गर्दछु । संस्थालाई यस सुदृढ अवस्थासम्म आइपुग्नको लागि योगदान गर्नु हुने संस्थापक सदस्यहरु, पूर्व सञ्चालक समितिका पदाधिकारीहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु एवं सम्पूर्ण शेयर सदस्यज्यूहरु साथै कर्मचारीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै यहाँहरु सम्पूर्णमा बिजया दशमी, शुभ दीपावली, नेपाल सम्वत्-११४४, छठ पर्व, क्रिसमस, ल्होसार, मकर संक्रान्ति लगायत विविध पर्वहरु-२०८० को पावन अवसरमा दीर्घायू, सुस्वास्थ्य र समृद्धिको शुभकामनाका साथ प्रतिवेदन अन्त्य गर्न चाहन्छु ।

धन्यवाद,

जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

**आ.व २०७९/८० को आर्थिक प्रतिवेदन र २०८०/८१ को प्रस्तावित बजेट**

कोषाध्यक्ष : श्री रामचन्द्र आचार्य
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्षज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, सञ्चालक समिति लगायत सवै समिति, उपसमितिका सदस्यज्यूहरु र शेयरधनीज्यूहरु,

सर्वप्रथम हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को ३० औं वार्षिक साधारण सभाबाट कोषाध्यक्ष पदमा निर्वाचित गरी दिनु हुने सम्पूर्ण शेयरधनीज्यूहरु प्रति हार्दिक कृतज्ञता जाहेर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सभाध्यक्षज्यू एवं शेयरधनी महानुभावहरु,

संस्थाको सांगठनिक गतिविधि, संस्थाले गत ३० औं वार्षिक साधारण सभा देखि हाल सम्म गरेको प्रशासनिक क्रियाकलाप, ऋण लगानी र उठतीको अवस्था, शैक्षिक कार्यक्रम, महिला, युवा, व्यवसाय प्रवर्द्धन आदिको सवै गतिविधिहरु सचिवज्यूको प्रतिवेदनबाट जानकारी भई सकेको र तत् तत् उपसमितिबाट पनि जानकारी पाउनु नै हुनेछ । तसर्थ ती विषयवस्तुहरु तिर नगई मात्र आर्थिक प्रस्तावमा केन्द्रित रहन चाहन्छु ।

३१ औं साधारण सभा सञ्चालन गरी रहँदा चालु आ.व. २०८०/८१ को तेस्रो महिना सुरु भई सकेकाले प्रचलित परम्परा अनुसार गत वर्षको यथार्थ, चालुको संशोधित र आगामी बर्षको प्रस्तावित गरी तीन वर्षको विवरण प्रस्तुत गर्नुपर्ने वाञ्छनियता नदेखी केवल गत आ.व. २०७९/८० को लेखापरीक्षणवाट प्रमाणित भई सकेको यथार्थ चालु आ.व. २०८०/८१ को प्रस्तावित आम्दानी, खर्च, सम्पत्ति र दायित्वको मात्र अनुमान पेश गरेको छु ।

आदरणीय शेयरधनीज्यूहरु, सञ्चालक समितिले मिति २०८०/०३/२९ मा आयोजना गरेको उप क्षेत्रिय समितिको संयोजकज्यूहरु समेतको उपस्थिति रहेको बैठकबाट पारित नीति तथा कार्यक्रमको अधिन र आधारमा रही आगामी आ.व. २०८०/८१ को आम्दानी, खर्च, सम्पत्ति र दायित्वको अनुमान प्रस्ताव गरिएको ब्यहोरा अनुरोध गर्दछु । पारित नीति तथा कार्यक्रमको प्रति यहाँहरुले सचिवज्यूको प्रतिवेदनबाट प्राप्त गरी सक्नु भएको छ । अव म गत वर्षको यथार्थ र चालु वर्षको प्रस्तावित बजेट निम्न प्रस्तुत टेवल मार्फत प्रस्तुत गर्न चाहन्छु ।

| अनुमानित वासलात २०८०/०८१ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दायित्व तर्फ | | | | सम्पत्ति तर्फ | | | |
| क. सं. | विवरण | ०७९/०८० | ०८०/०८१ | क. सं. | विवरण | ०७९/०८० | ०८०/०८१ |
| | | वास्तविक | प्रस्तावित | | | वास्तविक | प्रस्तावित |
| १ | बाल वचत | १६,३४०,०३५ | १८,०००,००० | १ | नगद मौज्दात | १७७,०७७ | ५००,००० |
| २ | दैनिक वचत | ७,७३६,३७८ | ११,०००,००० | २ | बैंक मौज्दात | ५३,६४७,१३१ | ७३,७००,००० |
| ३ | मासिक वचत | ४८,१५८,१२५ | ५६,५००,००० | २.१ | रा.वा.बैंक लि. | ४७,००२ | १००,००० |
| ४ | ऐच्छिक वचत | ६२,५६६,९३१ | ८१,९००,००० | २.२ | एनएमवि बैंक लि. | १,९३०,४६३ | ४,०००,००० |
| ५ | जेष्ठ सदस्य बचत | २,७९२,२१६ | ५,०००,००० | २.३ | सांग्रिला डेभलपमेन्ट बैंक लि. | ४,३०२,६५८ | ५,०००,००० |
| ६ | हिमुचली बचत | १२,३९४,२६५ | १५,०००,००० | २.४ | नेफ्स्कून | १५,३९३,९२९ | २९,०००,००० |
| ७ | पेन्सन वचत | ६,४३५,००० | ६,५००,००० | २.५ | प्रभु बैंक लि. | ७,८२८,६९४ | ६,०००,००० |
| ८ | कर्मचारी संचय कोष खाता | ४,०१७,९०० | ४,५५०,००० | २.६ | एनआईसी एशिया वैंक | ६१५,१९७ | १,६००,००० |
| ९ | आवधिक वचत | ७३,१३६,४४१ | ८५,०००,००० | २.७ | मुक्तिनाथ विकास वैंक | २२,०५३,६१२ | २४,५००,००० |
| १० | ऐच्छिक मासिक नियमित बचत | १,३५७,४४७ | १,५५०,००० | २.८ | राष्ट्रिय सहकारी बैंक | १,१४५,७९१ | २,५००,००० |
| | जम्मा – | २३४,९३४,७३८ | २८५,०००,००० | २.९ | एनआइएमबी बैंक लि | ३२९,७८५ | १,०००,००० |
| ११ | शेयर पूँजी | ३७,७९४,३०० | ४१,५००,००० | ३ | उठ्न वाँकी ऋण | २४०,३८२,३४९ | २८६,०००,००० |
| १२ | भुक्तानी दिन बाँकी (ले.प.) | ५५,००० | ५५,००० | ४ | शेयर लगानी | ३,०३६,५०० | ३,५००,००० |
| १३ | भुक्तानी दिन बाँकी ब्याजकर | ३१३,३७८ | २५०,००० | ५ | बचत लगानी | २०,२२४,१६६ | ३००,००० |
| १४ | आयकरको व्यवस्था | १६५,७२५ | ९००,००० | ६ | अन्तर लगानी | ६८८,०८३ | १,०००,००० |
| १५ | कर्मचारी कल्याणकारी कोष | २,१७४,४५२ | २,६००,००० | ७ | टेलिफोन धरौटी | ६,००० | ६,००० |
| १६ | सदस्यता कल्याणकारी कोष | ८,०७४,५९९ | १०,०००,००० | ८ | घडेरी जग्गा | ६८५,००० | ६८५,००० |
| १७ | जगेडा कोष | १५,४३६,३६६ | १७,९००,००० | ९ | स्थिर सम्पत्ति (विविध) | ५२८,५२९ | ७००,००० |
| १८ | कर्जा नोक्शानी व्यवस्था कोष | १८,९४०,६०८ | १३,५००,००० | १० | भवन | ३,०८७,३२६ | ४,९९०,००० |
| १९ | भवन निर्माण कोष | ४३३,८११ | ४३३,८११ | ११ | अग्रिम कर | ५७४,६२१ | ६१९,००० |
| २० | भुक्तानी गर्नुपर्ने | १४२,१३२ | ६१,१८९ | १२ | पाउनुपर्ने अन्य | ३,४९६,७०३ | ८,०००,००० |
| २१ | कोषहरु (बिविध) | ८,०६८,३७५ | ७,८००,००० | | जम्मा – | ७२,७०९,२७७ | ३०५,८००,००० |
| | जम्मा – | ३२६,५३३,४८५ | ३८०,०००,००० | | जम्मा – | ३२६,५३३,४८५ | ३८०,०००,००० |

# २०८० ८१ को प्रस्तावित आम्दानी खर्च बजेट

| आम्दानी विवरण | | | | खर्च विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| क. सं. | बिवरण | ०७९/०८० वास्तविक | ०८०/०८१ प्रस्तावित | क. सं. | बिवरण | ०७९/०८० वास्तविक | ०८०/०८१ प्रस्तावित |
| १ | ऋणवाट ब्याज प्राप्त | ३०,३९२,९८० | ३७,०००,००० | १ | तलव | २,३७७,८०१ | २,५००,००० |
| २ | प्रवेश तथा सदस्यता शुल्क | १०५,८०० | २४५,००० | २ | लेखापरिक्षण शुल्क | ५५,००० | ५५,००० |
| ३ | नेफ्स्कून ब्याज तथा लाभांश | ४२८,४७५ | ४००,००० | ३ | सञ्चार | ४७,७०० | ५०,००० |
| ४ | बिलम्ब तथा बिविध | १२०,८४९ | ५०,००० | ४ | पानी र वत्ती | ४६,२३८ | ५०,००० |
| ५ | हल तथा जग्गा भाडा | ५२,७७० | ६०,००० | ५ | भवन तथा अन्य मर्मत सम्भार खर्च | २२,२२९ | २००,००० |
| ६ | रेमिट्यान्स कमिसन | १३६,७५७ | २००,००० | ६ | तालिममा सहभागी | १४,३६० | ५०,००० |
| ७ | बैंक ब्याज | २,८५८,६३९ | २,४००,००० | ७ | अतिथि सत्कार तथा बैठक खर्च | ४८,४५५ | ७०,००० |
| ८ | ऋणमा सेवा शुल्क | १,१०५,५६५ | १,५००,००० | ८ | छपाई तथा स्टेशनरी | १८१,८१५ | २५०,००० |
| १० | मोबाईल बैंकिङ्गबाट आम्दानी | ४७,४०० | ९०,००० | ९ | विज्ञापन तथा पत्रपत्रिका | ३१,९५५ | ४५,००० |
| | | | | १० | यातायात आवास तथा खाना | ५१,४८५ | ५०,००० |
| | | | | ११ | सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम | ० | १००,००० |
| | | | | १२ | साधारण सभा खर्च | ५७८,८९५ | ७००,००० |
| | | | | १३ | संस्था नविकरण | ६,७२२ | २०,००० |
| | | | | १४ | प्रोवेशन कार्यक्रम खर्च | ८१,१५५ | १५०,००० |
| | | | | १५ | प्रसुती सेवा खर्च | ३१,५०० | ४५,००० |
| | | | | १६ | सहकारी भ्रमण खर्च | | १५०,००० |
| | | | | १७ | अफिस सामान मर्मत सम्भार | ५,७५० | ४५,००० |
| | | | | १८ | कर्मचारी पोशाक खर्च | ७०,००० | ७०,००० |
| | | | | १९ | बैठक भत्ता | १५८,५०० | २००,००० |
| | | | | २० | अफिस ब्यवस्थापन | ३३,८२५ | ५०,००० |
| | | | | २१ | कर्मचारी कल्याणकारी कोष खर्च | १८५,२०६ | १९०,००० |
| | | | | २२ | कर्जा नोक्शानी ब्यवस्था कोष खर्च | ६,१३१,६५४ | १,०००,००० |
| | | | | २३ | संस्था क्षेत्रीय व्यवस्थापन खर्च | ११,५०० | ५५,००० |
| | | | | २४ | ब्याज खर्च | २०,८६५,४४७ | २५,०००,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २५ | ह्रासकट्टी | २८९,४४५ | ३००,००० |
| | | | | २६ | विविध शैक्षिक कार्यक्रम | ३३,१०० | ५०,००० |
| | | | | २७ | कल्याणकारी कोष ब्याज खर्च | १५६,४५२ | ८००,००० |
| | | | | २८ | वडा कार्यालयमा सम्पत्ति कर | २,४०० | ३०,००० |
| | | | | २९ | बिबिध खर्च | ५६,२९८ | १००,००० |
| | | | | ३० | बीमा | ३३,९८० | ५०,००० |
| | | | | ३१ | अपाङ्ग मैत्री कार्यक्रम | | ५०,००० |
| | | | | ३२ | महिला मैत्री कार्यक्रम | | ५०,००० |
| | | | | ३३ | सामुदायिक सेवा कार्यक्रम | ५,५०० | ५०,००० |
| | | | | ३४ | ब्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम | | १५०,००० |
| | | | | ३५ | ऋणको ब्याजमा छुट | १८५,३०९ | २००,००० |
| | | | | ३६ | जेष्ठ सदस्य लक्षित कार्यक्रम | | ५०,००० |
| | | | | ३७ | संस्थागत डकुमैन्ट्री निर्माण | | १००,००० |
| | | | | ३८ | प्रविधि मैत्री खर्च | १३५,०५९ | २००,००० |
| | | | | | जम्मा – | ३१,९३४,७३५ | ३३,२७५,००० |
| | | | | | कर अघिको नाफा – | ३,३१४,५०० | ८,६७०,००० |
| | कूल जम्मा – | ३५,२४९,२३५ | ४१,९४५,००० | | कूल जम्मा – | ३५,२४९,२३५ | ४१,९४५,००० |

शेयरधनी महानुभावहरु गत वर्ष २०७९ असोज २९ गते भएको ३० औं वार्षिक साधारण सभाले अनुमति प्रदान गरे अनुसार आ.व. २०७९/८० को लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्ट (सि.ए.) प्रदीपराज उपाध्यायको नाममा दर्ता भएको पी. आर. उपाध्याय एण्ड कम्पनीबाट लेखा परीक्षण गराई सो फर्मबाट प्राप्त प्रतिवेदन समेत संलग्न राखी प्रस्तुत गरेको छु । सो प्रतिवेदनबाट विस्तृत अध्ययन गर्नु भई आवश्यक प्रतिक्रिया समेत प्रस्तुत गर्नु हुने नै छ भन्ने आसा लिएको छु ।

P. R. Upadhyay & Co.
Chartered Accountants

ICAN Firm Regd. No.: 0048
COP No.: 126
VAT Regd. No.: 300806606

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु
हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
गोरखा नगरपालिका - ०७, नयाँबजार, गोरखा ।

**राय**

हामीले **हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि "सहकारी" भनिएको) को यसै साथ संलग्न २०८० आषाढ ३१ (१६ जुलाई २०२३) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले, लेखाको सम्बद्ध नीतिहरुको साथ अध्ययन गर्दा २०८० आषाढ ३१ (१६ जुलाई २०२३) को वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको यथार्थ चित्रण गरेका छन् र नेपालमा मान्य लेखा सिद्धान्त अनुसार तयार पारिएका छन् ।

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । सो मान बमोजिमको हाम्रो जिम्मेवारीको विस्तृत पाठ **"लेखापरीक्षकको जिम्मेवारी"** मा उल्लेख गरिएको छ । यो लेखापरीक्षणको लागि नेपालमा पालना गर्नु पर्ने आचार संहिता बमोजिम हामी यो संस्थाबाट स्वतन्त्र छौं, तथा आवश्यक आचार संहिताको पालना गरेका छौं । हाम्रो विचारमा हामीले संकलन गरेको लेखापरीक्षण प्रमाणहरु, हाम्रो रायको आधार बन्न पर्याप्त र उपयुक्त छन् ।

**अन्य जानकारी**

तत्कालिन सामान्य आर्थिक गर्जो टार्न र आपसी भेटघाटको उद्देश्यले वि.सं. २०४९ सालमा ३० जना सदस्यहरुद्धारा स्थापित यस संस्था आज ३१ औं बर्ष पार गर्दै गर्दा गोरखा जिल्लामा नै नमूना सहकारीको रुपमा परिचित भएको हामी सवैलाई विदितै छ, यस अर्थले हेर्दा उहाँहरु हामी सवैको धन्यवादको पात्र हुनुहुन्छ । यो संस्था आफैमा बचत तथा ऋण सहकारी भएकोले उहाँहरुकै मार्गदर्शन अनुसार डोर्‍याउन, अनन्तसम्म डगमगाउन नदिई द्रूत गतिमा अगाडि बढाउन, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को नीति अनुसार यस संस्था प्रोवेशनको कार्यक्रममा आवद्ध भई अन्तिम चरणमा प्रवेश गरेको छ । यस वर्ष हामी प्रोबेशनको अन्तिम लेखा परीक्षणको तयारीमा हुँदा हुदै केही नियमित ऋणको किस्ता प्राप्त नहुँदा यस पटक पनि लेखा परीक्षण गर्न सकेनौ, जसले संस्थालाई नराम्रो असर गरेको छ । जसका लागि ऋण उपसमितिले सञ्चालक समितिको सहयोगमा ऋण नीतिलाई पुनः परिमार्जन गरी पूर्णत नियमानुसार लगानी र असुलीमा क्रियाशिल भएका छौं । यसले संस्थालाई मजबुत र अझै विश्वासिलो पार्न धेरै नै सहयोग गर्नेछ भन्ने अपेक्षा पनि गर्दछ । ऋण नीति अनुसार ऋण अनिवार्य रुपमा नियमित किस्ताको रुपमा तिर्नु पर्ने हुन्छ । यदि एक किस्ता रकमको भाखा नघाएमा बाँकी सबै किस्ता भाखा नाघे सरह हुनेछ । एक दिन देखि १ वर्ष सम्म बुझाएन भने ३५% र १ वर्ष भन्दा माथि भाखा नाघेमा भाखा नाघेको ऋणको लागि १००% ऋण सुरक्षण कोषमा रकम छुट्याउनु पर्ने हुन्छ । यसले संस्था सञ्चालन गर्न धेरै नै असर पुर्‍याउँछ । यसले हाम्रो संस्था प्रोवेशनको कार्यक्रममा सफल हुन सक्दैन यस सम्वन्धी जानकारी सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई, क्षेत्रीय समितिको कार्यक्रमहरुमा जानकारी गराई सकिएको छ । त्यसैले सम्पूर्ण शेयर धनी महानुभावहरुले आगामी दिनमा अवश्य पनि यस नीतिलाई अवलम्वन गरी सहयोग पुर्‍याउनु हुनेछ भन्नेमा समिति आशावादी छ । संस्थाले सदस्य सुरक्षण सिद्धान्तलाई लागू गर्दै आफ्ना सदस्यहरुलाई सेवा दिँदै आएको छ ।

आदरणीय सभाध्यक्षज्यू,

अव म यहाँहरु समक्ष ऋण वितरण सम्वन्धी केही कुरा जानकारी गराउन चाहन्छु । सहकारी संस्थामा सम्पूर्ण शेयर सदस्यहरुको दायित्व समान हुन्छ । संस्थामा रहेको पूँजीलाई परिचालन गर्दा दैनिक कारोवारलाई असर नपर्ने गरी संस्थाको नीति अनुसार निष्पक्ष तवरले ऋण लगानी गर्दै आइरहेको कुरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु । सदस्यहरुमा ऋण लगानी गर्दा धितो, कमाई वा कुनै एकलाई मात्र आधार मान्न नमिल्ने र ऋण नीति अनुसार ऋणीले जुन शीर्षकमा ऋण लगेको छ त्यही शीर्षकमा लगानी गरेको हुनु पर्दछ । यदी अनुगमन गरेको वखत तोकिएको शीर्षकमा लगानी गरेको नदेखिएमा ऋण नीति अनुसार हर्जना तिराई आवश्यक कारवाही तर्फ जानु पर्ने हुन्छ । ऋण लगानी गर्दा मुख्यतया ५ वटा कुरालाई आधार मानी ऋण लगानी गरिन्छ जसलाई ५ सी विश्लेषणको नामले चिनिन्छ । जसमा, (5c = Character - चालचलन, Capacity - ऋण वुझाउन सक्ने अवस्था, Capital Structure - पूँजीको संरचना, Collateral - धितो, and Condition - अवस्था)

ऋण लगानीको निर्णयका लागि संस्थाले अनुसुची ५ बमोजिमको ऋण अनुसन्धान फाराम भर्नु पर्नेछ । ५ सी विश्लेषणको आधारमा संस्थाले देहाय बमोजिम निर्णय गर्न सक्नेछ । निम्नानुसारको योग्यता पुरा नभएमा ऋण लगानी गर्न नमिल्ने हुँदा सम्पूर्ण सदस्यज्यूहरुलाई अवगत एवं अनुरोध गर्न चाहन्छु ।

(क) ६० भन्दा कम अंक प्राप्त गर्ने परियोजनामा ऋण लगानी नगर्ने,
(ख) ६० भन्दा माथि ७० सम्म अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ६०% भन्दा बढी हुने गरी लगानी नगर्ने र थप अचल सम्पत्ति धितो माग गर्ने ।
(ग) ७० भन्दा माथि ८० सम्म अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ७०% भन्दा बढी हुने गरी लगानी गर्ने र पर्याप्त अचल सम्पत्ति धितो माग गर्ने ।
(घ) ८० भन्दा माथि ९० सम्म अंक प्राप्त गर्ने परियोजनामा अचल सम्पत्ति धितो राखी परियोजना लागतको ८०% सम्म लगानी गर्न सक्ने ।
(ङ) ९० भन्दा माथि अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ८०% सम्म बिना धितो ऋण लगानी गर्न सक्ने ।

ऋणको प्रकारहरु :-

संस्थामा रहेको तरलताको आधारमा ऋण माग फाराम भरी पेश गर्दा पहिलो प्राथमिकताको आधारमा निम्न अनुसारका ऋणहरु प्रदान गरिन्छ । तर नियमित ऋणलाई भने यस नीतिले केही प्रभाव पार्ने छैन ।

(अ) सुरक्षणको आधारमा ऋणका शीर्षकहरु
(१) धितो ऋण (२) जमानी ऋण
(आ) प्रयोगको आधारमा ऋणका शीर्षकहरु
१. कृषि तथा ब्यवसाय ऋण २. घर जग्गा खरीद ऋण ३. ब्यापार ब्यवसाय ऋण
४. शैक्षिक/औधोगिक/स्वास्थ्य/आकस्मिक ऋण ५. सामाजिक ऋण
६. साधारण ऋण ७. धन जमानी ऋण ८. अपाङ्ग लक्षित ऋण
९. सामूहिक उत्पादनमूलक ऋण १०. बैदेशिक अध्ययन तथा बैदेशिक रोजगार ऋण

संस्थामा हालसम्म ऋण लगानी गर्दा रु १५,०००।- र नीजको संस्थामा रहेको बचतको ९०% सम्म संस्थाको १ जना शेयर सदस्यको जवानी वा विना धितो ऋण लगानी गरिन्छ। ऋणीले समयभित्र ऋण चुक्ता नगरेमा जमानत वसेको शेयर सदस्यवाट नै असुल उपर गरिनेछ। ऋणीको तमसुकमा नजिकको हकदार अनिवार्य साक्षीको रुपमा राख्नु पर्ने ब्यवस्था गरिएको छ। रु २,००,०००।- सम्मको ऋण, ब्यवस्थापकले कर्मचारीसँगको समन्वयमा उपलब्ध गराउन सक्छन् भने सो भन्दा माथी रु ४०,००,०००।– सम्मको ऋण सम्पूर्ण प्रक्रिया पुरा गरी ऋण उपसमितिको बैठकले धितो मूल्याङ्कन समितिको सिफारिसमा निर्णय गरी ऋण लगानी गरिन्छ। यस संस्थाले हाल ऋणमा लिने ब्याज निम्न अनुसार लागू गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु।

१. कृषि तथा ब्यवसाय ऋण - १२%
२. घर जग्गा खरीद ऋण - १४%
३. ब्यापार ब्यवसाय ऋण - १४%
४. शैक्षिक/औधोगिक/स्वास्थ्य/आकस्मिक ऋण - १२%
५. सामाजिक ऋण - १४%
६. साधारण ऋण - १४%
७. धन जमानी ऋण - १४%
८. अपाङ्ग लक्षित ऋण -१२%
९. सामूहिक उत्पादन मूलक ऋण - १०%
१०. बैदेशिक अध्ययन तथा बैदेशिक रोजगार ऋण - १५%

आदरणीय सभासद् ज्यूहरु,

आ.व. ०७८/०७९ र ०७९/०८० को ऋण लगानी, ऋण असुली र उठ्न बाँकी ऋणको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु।

| क.सं. | आर्थिक वर्ष | ऋण लगानी | ऋण असुली | उठ्न बाँकी ऋण |
|---|---|---|---|---|
| १ | ०७८/०७९ | १६,७२,६८,०००।- | ११,७१,७६,२८८।- | २४,९२,७०,०५९।- |
| २ | ०७९/०८० | १२,०७,४०,०००।- | १२,९६,२७,७१०।- | २४,०३,८२,३४९।- |

यस संस्थाको २०८० आषाढ मशान्त सम्म भाखा नाघेको उठ्न बाँकी ऋण रु. ९६,५२,०५७।- रहेको छ। हामीहरुले १ वर्ष भन्दा बढी भाखा नाघेका ऋण उठाउन विभिन्न प्रकृया अपनाई असुली र कतिपय असुली प्रकृयामा नियमित ब्यवस्थापन गर्न सफल भएका छौं। नियमित किस्ता नवुझाउने ऋणीहरुलाई अहिलेको ऋण नीति अुनसार कानूनी कारवाही अगाडि वढाउने नीतिगत प्रावधान तयार गरिएको छ। ऋणीहरुले नियमित ऋण नवुझाउदा हामीले यस वर्ष पनि प्रोबेशनको अन्तिम लेखा परिक्षण गर्न सकेनौ। जसले गर्दा हामी प्रोबेशन ब्रान्ड लिन अर्को एक वर्ष कुर्नुपर्ने अवस्था सिर्जना भएको छ। त्यसैले ऋणी सदस्यज्यूहरुले समयमा नै आफूले लिएको ऋणको किस्ता वुझाई संस्थाले अगाडि सारेका कार्यक्रमहरुलाई सफल बनाउन सहयोग गरिदिनु हुन हार्दिक यसै साधारण सभा मार्फत अनुरोध गर्न चाहन्छु। यस संस्थाले आ.व. २०७९/०८० मा निम्न अनुसारको संख्यामा ऋण लगानी गरेको छ।

१. रु. १५,०००।- सम्म - ८३ जना
२. रु. १५,००१।- देखि रु. १,००,०००।- सम्म - १९३ जना
३. रु. १,००,००१।- देखि रु. ५,००,०००।- सम्म - २६५ जना
४. रु. ५,००,००१।- देखि रु. १०,००,०००।- सम्म - ७१ जना
५. रु. १०,००,००१।- देखि रु. १५,००,०००।- सम्म - ३३ जना

६. रु. १५,००,००१।- देखि माथि - ३३ जना गरी, जम्मा - ६७८ जना शेयर सदस्यहरुलाई ऋण वितरण गरिएको छ ।

यस संस्थाको ३१ औं वार्षिक साधारण सभा गर्दासम्म यसले पूँजीको साथै शेयर सदस्य संख्यामा पनि ठूलो आकार लिईसकेको छ । संस्थामा कोही खराब ऋणीको अलवा असल ऋणीहरु पनि हुनुहुन्छ । असल ऋणीहरु मध्ये केहीलाई निश्चित नीति तयार गरी असल ऋणी सम्मान कार्यक्रम विगत वर्षहरुदेखि नै गरिदै आईरहेकोमा यस पटक पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइएको छ । निश्चित मान्यता तथा आधारहरुद्धारा मूल्याङ्कन गर्दा छनौंटमा पर्न सफल हुनु भएको ३ जना देहाय अनुसारको असल ऋणीको रुपमा यस सम्मानित सभामा जानाकारी गराउन चाहन्छु ।

| क्र.सं. | असल ऋणीको नाम | शे.द.नं. | ठेगाना | लगानी क्षेत्र |
|---|---|---|---|---|
| १. | श्री शुशिला मरहट्टा | २१३ | गो.न.पा.-६, दरवार मार्ग | घर निर्माण |
| २. | श्री सन्तमान श्रेष्ठ | १०५७ | गो.न.पा.-६, शक्तिचोक | ब्यापार |
| ३. | श्री सुरेश कुमार श्रेष्ठ | १३३१ | गो.न.पा.-७, धारापानी | कृषि ब्यवसाय |

सम्मानित असल ऋणी सदस्यहरुलाई ऋण उपसमितिको तर्फबाट हार्दिक वधाई दिदै शेयर धनी सदस्यज्यूहरुले पनि आफूले लिनु भएको ऋण समयमा नियमानुसार तिर्नु भई असल ऋणीको रुपमा आफूलाई प्रस्तुत गर्नु हुनेछ भन्ने विश्वास लिएका छौं ।

आदरणीय सभाध्यक्ष एवं सभासद्ज्यूहरु,

अन्त्यमा संस्थाको सवैभन्दा महत्वपूर्ण पाटो भनेकै ऋणको कारोवार हो । यो क्षेत्र राम्रो तरिकाले चलेको छ भने संस्था राम्रो र मजबुद हुन्छ । सवैको सहयोग भएन भने संस्था राम्रोसँग चल्न सक्दैन । यस वर्ष ऋण उपसमितिको वैठक बैठक वस्ने क्रममा ऋण उपमितिका साथीहरु श्री चुनवहादुर बस्नेत र भगवान श्रेष्ठले गहन जिम्मेवारीका साथ आफ्नो महत्वपूर्ण समय दिई निभाउनु भएको भूमिका प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । संस्थाको सञ्चालक समिति, अन्य उपसमिति र सल्लाहकारज्यूहरु, ब्यवस्थापकको साथै कर्मचारी साथीहरुको सहयोगको लागि आभार ब्यक्त गर्दछु । कार्य सम्पादनको क्रममा यो १ वर्ष जान अन्जानमा केही गल्ति कमजोरी भएमा क्षमा याचना गर्न चाहन्छौ । साथै त्यस्ता कमी कमजोरी प्रति स्वच्छ तरिकाले टिका टिप्पणी गरी संस्थालाई सहज र स्वस्थ तरिकाले सञ्चालन गर्न अन्य सुझाव दिनु भई सहयोग गर्नु नै हुनेछ भन्ने पुर्ण अपेक्षाका साथ आँउदै गरेको वडादशै तथा शुभ दिपावली तथा छठ पर्व २०८० को हार्दिक शुभकामना साथै यस संस्थाको उत्तरोत्तर प्रगतिको साथै उज्वल भविष्यको कामना गर्दै यो प्रगती प्रतिवेदन यहि अन्त्य गर्दछु ।

**धन्यवाद,**
**जय हिमचुली ! जय सहकारी !!**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औ बार्षिक साधारण सभामा प्रस्तुत शिक्षा उप-समितिको प्रतिबेदन

संयोजक : श्री भरत बहादुर राना

मिति : २०८० असोज २७ गते

स्थान : संस्थाको रजत हल

यस संस्थाको ३१ औं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा हिमचुली साकोसका अध्यक्षज्यू, आजको यस संस्थाको प्रमुख अतिथि ज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकार ज्यूहरु, संस्थाका सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक ज्यू, विभिन्न उप समितिका संयोजकज्यूहरु, क्षेत्रीय समितिका संयोजक एबं सदस्यज्यूहरु, व्यबस्थापक एबं कर्मचारी ज्यूहरु, साथै यस वार्षिक साधारण सभामा उपस्थित हुनुहुने सम्पूर्ण प्रतिनिधिज्यूरुमा शिक्षा उप-समितिको संयोजकको तर्फवाट हार्दिक स्वागत एबं सहकारी अभिवादन व्यक्त गर्दछु ।

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना गर्नका लागि महत्वपूर्ण योगदान गर्नुहुने संस्थापक अध्यक्ष स्व. शुम्भुबाबु मरहट्टा, लेखा सुपरिबेक्षण समितिका तत्कालिन संयोजक स्व. पृथ्वीराज पुन लगायत दिवंगत हुनु भएका पूर्व सञ्चालक, शेयर सदस्यहरु साथै शेयर सदस्यहरुका आफन्तजनहरु प्रति उच्च सम्मानको साथ हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

यस हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभामा यहाँहरुको साथ सहयोगवाट शिक्षा जस्तो महत्वपूर्ण विषयमा शिक्षा उप-समितिको संयोजकको तर्फबाट वार्षिक प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउदा ज्यादै गौरवान्वित भएको छु साथै यहाँहरु प्रति आभार ब्यक्त गर्दछु । “एकले थुकी सुकी, सयौले थुकी नदी” भन्ने मान्यतालाई आत्मसात गर्दै समाजमा यत्रतत्र छरिएर रहेको पूँजीलाई एकत्रित गरी सो पूँजीको सही सदुपयोग गरी सामाजिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यका साथ यस हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भएको हो । सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई मनन गरी शेयर सदस्यहरुको हितलाई ध्यानमा राखी इमान्दारिता पूर्वक यस जिल्लामा छुट्टै पहिचान वनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको कुरा पनि यहाँहरुमा सर्वविदित नै छ । यस संस्थाले संकलित पूँजीलाई उचित परिचालन गरी शेयर सदस्यहरुको आर्थिक हैसियत मात्र नभई यस संस्थाले सामाजिक क्षेत्रमा समेत उदाहरणीय कार्य समेत गर्दै आएको कुरा सर्वविदितै छ । अध्ययनमा उप्रेरित गर्नका लागि विद्यालयमा अध्ययनरत छात्र छात्राहरुमा अन्तरनिहीत प्रतिभा र सिर्जना प्रस्फुटन गर्नका लागि विगत वर्षदेखि नै छात्र छात्राहरुमा हाजिरी जवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिता, निवन्ध प्रतियोगिता एवं वक्तृत्वकला प्रतियोगिता जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत शेयर सदस्यहरुका बाल बालिकाहरुलाई कक्षा १ देखि कक्षा १२ सम्मका उत्कृष्टताको आधारमा सामुदायिक र संस्थागत दुवै विद्यालयका तर्फका १/१ जनालाई वार्षिक रुपमा पुरस्कृत गर्दै आएको छ भने शेयर सदस्यहरुलाई सहकारी सम्बन्धी सहकारी एवं वित्तीय शिक्षा कार्यक्रम सञ्चालन गरिदै आएको यहाँहरुमा अवगत गराउँदछु । साथै शिक्षा उप-समितिको निर्णय अनुसार यस संस्थाले गोरखा नगरपालिका भित्रका औपचारिक शिक्षा लनबाट वञ्चित भएका असहाय,

गरिब शेयर सदस्य तथा गैह्र सदस्यहरुका छोरा छोरीलाई प्रदान गर्ने छात्रवृत्तिको लागि हालसम्म संस्थाको जानकारीमा नआएकोले त्यस्तो भेटिएमा संस्थामा सम्पर्क गराउनु हुन समेत अनुरोध गर्दछु ।

वार्षिक कार्यक्रम अनुसार सामुदायिक वा संस्थागत विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि कक्षा १२ पास गर्ने शेयर सदस्यहरुका छोरा छोरीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार यस वर्ष पनि उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरिने कार्यलाई निरन्तरता दिइएको छ । जस अनुसार सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ देखि कक्षा १२ पास गरेका यस सहकारीका शेयर सदस्यहरुका बाल बच्चाहरुको लब्धाङ्क पत्र २०८०/०५/०५ गतेसम्म संस्थामा वुझाउन आह्वान गरे अनुसार २०८०/०५/०८ गते वसेको शिक्षा उप-समितिको वैठकले उत्कृष्ट विद्यार्थीहरुको छनौंट गरिएको छ । छनौंट भएका छात्र छात्राहरुलाई २०८० साल फागुन १५ गते स्थापना दिवशको अवसरमा पुरस्कृत गरिने ब्यहोरा समेत यसै सम्मानित सभामा जानकारी गराउँदछु ।

सामुदायिक विद्यालयमा अध्यनरत कक्षा १ देखि १० सम्मका कम्तिमा GPA-B प्राप्त गर्नेहरु मध्ये सबैभन्दा धेरै GPA प्राप्त गर्ने छात्र छात्राहरु:

| क्र. सं. | कक्षा | नाम थर | अभिभावकको नाम | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | १ | कुनै पनि प्राप्त नभएको | | | |
| २. | २ | अप्सना थापा | रुपेश थापा | ४ | श्री विन्ध्यवासिनी मा. वि |
| ३. | ३ | सिद्धान्त सापकोटा | गणेशराज सापकोटा | ३.९४ | श्री विन्ध्यवासिनी मा. वि |
| ४. | ४ | प्रणब पौडेल | निलकण्ठ पौडेल | ४ | श्री महालक्ष्मी मा. वि. |
| ५. | ५ | कुनै पनि प्राप्त नभएको | | | |
| ६. | ६ | मृदुषा अर्याल | मनोज अर्याल | ४ | श्री महालक्ष्मी मा. वि. |
| ७. | ७ | सुमना श्रेष्ठ | कमला श्रेष्ठ | ३.८४ | श्री सरस्वती मा. वि. |
| ८. | ८ | प्रशन्ना घिमिरे | सरस्वती पोखरेल | ४ | श्री सरस्वती मा. वि. |
| ९. | ९ | सन्देश मालबुल | शारदा उपरकोटी | ३.६७ | श्री सरस्वती मा. वि. |
| १०. | १० | लिसरा थापा मगर | अम्बर बहादुर थापा मगर | ३.४५ | श्री सरस्वती मा. वि. |

संस्थागत विद्यालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका कम्तिमा $GPA\text{-}B^{+}$ प्राप्त गर्नेहरु मध्ये सबैभन्दा धेरै GPA प्राप्त गर्ने छात्र छात्राहरु :

| क्र.सं. | कक्षा | नाम थर | अभिभावकको नाम | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | १ | कुनै पनि प्राप्त नभएको | | | |
| २. | २ | दिक्षीत घिमिरे | चित्र कुमारी ढकाल | ४ | जेनियस वोर्डिङ्ग स्कूल |
| ३. | २ | रेहानिका खनाल | रेखा अर्याल | ४ | द वल्ड क्यापिटल |
| ४. | ३ | स्मारिका ज्ञवाली | सुमन ज्ञवाली | ४ | द वल्ड क्यापिटल |
| ५. | ४ | स्मरण ज्ञवाली | सुमन ज्ञवाली | ४ | द वल्ड क्यापिटल |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | ५ | बिसन श्रेष्ठ | सन्तोष श्रेष्ठ | ४ | मदरल्याण्ड इङलिस वोर्डिङ्ग |
| ७. | ६ | निश्चल प्रसाद भट्टराई | निर्मला भट्टराई | ४ | द वल्ड क्यापिटल |
| ८. | ७ | संगीत एसी | हित बहादुर अछामी | ४ | मोर्डन सेकेन्डरी स्कूल |
| ९. | ७ | सुलभ खत्री | सुजिता खत्री वस्नेत | ४ | द वल्ड क्यापिटल |
| १०. | ८ | कुनै पनि प्राप्त नभएको | | | |
| ११. | ९ | सिवानी श्रेष्ठ | भू-कुमार श्रेष्ठ | ४ | जेनियस वोर्डिङ्ग स्कूल |
| १२. | १० | भरोसा पाण्डे | भवानी पाण्डे वानिया | ३.६५ | सेन्ट मेरिज स्कूल |

कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्नेहरु मध्ये सवैभन्दा उत्कृष्ट अंक प्राप्त गर्नेहरुको विवरण :

| क्र. सं. | कक्षा | नाम थर | अभिभावकको नाम | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | ११ | सजोन अछामी | हित बहादुर अछामी | ३.१४ | किष्ट मा.वि. |
| २. | १२ | निश्चल श्रेष्ठ | काजीराम श्रेष्ठ | ३.७५ | प्रसिद्धि एकेडेमी |

माथि उल्लेखित सर्वोत्कृष्ट अंक प्राप्त गर्ने सबै छात्रछात्राहरुलाई पुरस्कृतको लागि छनौंट भएकाहरुलाई हार्दिक बधाईका साथ उत्तरोत्तर प्रगतिको शुभकामनाको साथै सम्बन्धित छात्र छात्राहरुको अभिभावकहरुलाई समेत धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

ब्यक्ति, परिवार, समाज तथा राष्ट्रको सर्वाङ्गिण विकासको आधार नै शिक्षा भएकोले यस क्षेत्रमा हिमचुली साकोसले सामाजिक उत्तरदायित्व बहन गर्नु पर्ने आवश्यकता महशुस गरी शेयर सदस्यका छोरा छोरीहरुलाई उत्प्रेरित गर्नका लागि प्रदान गर्दै आइरहेको पुरस्कारलाई निरन्तरता दिने, अतिरिक्त क्रियाकलाप अन्तर्गत वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता आदि कार्यक्रमको आयोजना गर्नुका साथै उच्च अध्ययन गर्नका लागि ब्याजमा १% छुट दिई ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिदै विद्यालयका बाल बालिकाहरुलाई सहकारी शिक्षा दिने कार्यक्रमको समेत योजना भएको जानकारी गराउँदछु ।

अन्त्यमा नजिकिदै गरेको हिन्दु नेपालीहरुको महान चाड बिजया दशमी, शुभ-दीपावली, नेपाल सम्बत, छठ पर्व, क्रिसमस लगायतका सम्पूर्ण धर्मावलम्बीहरुको विभिन्न पर्वहरुको उपलक्ष्यमा नेपाल भित्र र बाहिर रहनु भएका नेपालीहरुमा सुस्वास्थ्य र दीर्घायूको शुभकामना ब्यक्त गर्दै प्रस्तुत शिक्षा उप समितिको प्रतिवेदन अन्त्य गर्दछु ।

**धन्यवाद,**

**जय हिमचुली ! जय सहकारी !!**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

## ३१ औं वार्षिक साधारण सभामा यूवा उपसमितिका संयोजक प्रेमध्वज थापाद्वारा प्रस्तुत प्रतिवेदन

हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभा समारोहको अध्यक्षता गरिरहनु भएका अध्यक्ष रामबाबु श्रेष्ठज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यू, सल्लाहकार, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, पदाधिकारी एवं सदस्यज्यूहरु, क्षेत्रीय समिति र उपस्थिति सम्पूर्ण प्रतिनिधि शेयर धनी महानुभावहरुमा म यूवा उपसमितिको संयोजक प्रेमध्वज थापाको तर्फबाट हार्दिक अभिवादन ज्ञापन गर्दछु ।

गोरखा न. पा. क्षेत्रमा सबैभन्दा ठूलो, लोकप्रिय, इतिहासिक रुपमा ख्याती पाएको संस्थामा सञ्चालक समिति सदस्य एवं यूवा उपसमितिको संयोजक भई आफूले जानेको विषयको प्रयोग र यस संस्थाबाट कामको शिलशिलमा धेरै कुरा सिक्ने अवसर पाइ यस सम्मानित सभामा प्रतिवेदन प्रस्तुत गर्ने सुअवसर पाउँदा आफू भाग्यमानी ठानेको छु ।

गोरखा नगरपालिकामा लामो इतिहास बोकेको यस सहकारी, बौद्धिक एवं समाजमा स्थापित व्यक्तित्व भएका समूहबाट आफ्नो समाज, क्षेत्र, ठाउँ, जिल्लामा अत्यावश्यक ठानी, छरिएका स्थानीय श्रोत, साधन, पुँजीलाई एकिकृत गरी आवश्यकताहरुको पहिचान गरी आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि २०४९ फाल्गुन १५ गते स्थापना भएको संस्था हो यो ।

यत्रतत्र छरिएको पैसालाई एकत्रित गरी ठूलो पुँजीको संकलन गरी आवश्यक, व्यक्ति समुदायमा व्यवस्थीत रुपमा लगानी गरि आफ्नो शेयर सदस्यहरुमा आर्थिक हैसियतमा बृद्धि गर्ने कार्य विगतदेखि गर्दै आएको हो यो संस्था । पूँजी संकलन गर्ने र ऋण लगानी गर्नेमा मात्र सीमित हुदैमा सहकारीको उद्देश्य पूर्ति हुन नसकेको अवस्थामा यो युवा उप-समितिको गठन भयो । मलाई विश्वास छ, यस संस्थालाई दीगो भविष्य, भरपर्दो, बलियो, समय अनुसार परिवर्तित, प्रभावकारी भूमिका खेल्न, प्रविधि मैत्री बनाउन, समय अनुसार रुपान्तरण गर्न, विश्वासनिय र व्यवसायीकरण गर्न यस यूवा उप-समितिको ठूलो भूमिका हुनेछ भन्नेमा विश्वस्त छु ।

**अध्यक्ष एवं शेयर सदस्यज्यूहरु,**

अव यस सहकारीलाई हाम्रो बचत तथा लगानी सही क्षेत्रमा सदुपयोग गर्न र पूँजीलाई चलायमान बनाउन यस यूवा उप-समितिको महत्व साथ अगाडि बढाउन यसको ठूलो भूमिका हुनु पर्छ । सहकारीको बचत गर्ने र ऋण लगानी गर्ने मात्रले खासै हाम्रा शेयर सदस्यहरुमा परिवर्तन हुन सकेन । खासै सहकारी मार्फत आफ्नो शेयर सदस्यको जीवनमा छलाङ मार्न गाह्रो भयो । अझ पनि सहकारीलाई खाली बचत गर्ने र ऋण लगानी मात्र गर्ने हो भने पहिले जसरी चलेको थियो त्यसरी नै चलिरहने छ त्यसैले परिवर्तित प्रभावकारी तरिकाबाट रुपान्तरण गर्न युवा मित्र सहकारीको परिकल्पना गर्नु पर्ने देखिन्छ । यूवा परिवर्तनका संवाहक हुन अनि सवैभन्दा गतिशिल र महत्वपूर्ण खण्ड पनि हो त्यति मात्र होइन यूवा एक अजेय शक्ति हो । त्यसैले शेयर सदस्यहरुको, समाजको, समुदायको, जिल्लाको, राष्ट्रको आर्थिक हैसियत बृद्धि गर्न सहकारीमा

यूवाको ठूलो सहभागिताको आवश्यकता छ । स्वरोजगार सिर्जना गर्ने हो भने यही सहकारीबाट ऋण लिइ विदेशी भूमिमा श्रम बेच्नबाट बाध्य भएका यूवालाई आफ्नै ठाउँमा रोक्न सकिन्छ होला । अनि सहकारीको मूल मर्म र भावना सार्थक हुन्छ होला । शेयर धनी महानुभावहरुलाई व्यवसाय तथा उत्पादन मूलक व्यवसायी बनाउन, यस क्षेत्रलाई व्यवस्थित प्रक्रियाबाट सञ्चालन गर्न यूवा उप-समितिको ठूलो भूमिका रहन्छ ।

**अध्यक्ष एवं शेयर सदस्यज्यूहरु,**

यूवा परिवर्तनका संवाहक हुन हरेक क्षेत्रमा यूवाको सहभागिताले त्यस समाजको भविष्य सफलताको कल्पना गर्न सकिन्छ । यूवा विना समाज हुदैन भने झै यूवा विना सहकारी हुन सक्दैन भन्ने अवस्था बनाउन सके यूवा र सहकारीको भविष्य राम्रो हुन्छ भन्न सकिन्छ । गोरखा जिल्लामा नै आर्थिक क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउन लागी रहेको यस हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. मा यूवाहरुको सहभागिता र योगदानले ठूलो महत्व राख्दछ । सहकारीलाई कसरी रुपान्तरण गर्ने सोको लागि प्रभावकारी भूमिका खेल्न सक्ने भनेको यूवा शक्ति नै हो । सहकारीको विकास कसरी अगाडि बढीरहेको छ भन्ने कुरा यस सहकारीमा लागेका यूवाको अवस्थाबाट पनि थाहा हुन्छ । वास्तवमा भन्ने हो भने यूवाहरुले नै सहकारीलाई बलियो, समय अनुसार रुपान्तरण गर्ने नै यूवा हो । यूवालाई सहकारीको महत्वपूर्ण अंग मान्न सके सहकारीको वित्तीय क्षेत्रलाई सवल र अब्बल बनाउन सकिन्छ । सरकारले पनि सहकारीलाई अर्थतन्त्रको एउटा खम्वाको रुपमा मानेको अवस्थामा सहकारीमा यूवा सहभागिताको ठूलो महत्व राख्दछ । यूवाको विषय महत्वपूर्ण भएकाले यसवर्ष देखि हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. ले यूवा उप-समिति बनाइ काम कर्तव्यको थालनी भएको छ । यस हिमचुली साकोसमा २५०० भन्दा धेरै शेयर धनी सदस्यमा झन्दै ५०% भन्दा बढी यूवाहरु आवद्ध छ । यही सहकारीबाट ऋण लिई यूवाहरु विदेशी भूमीमा श्रम बेच्न बाध्य छन् । त्यसैले सहकारी यूवा मैत्री, स्वरोजगार सिर्जना गर्ने, उद्यमशीलता, व्यवसायीकतामा परिवर्तन गर्न अत्यन्त आवश्यक छ । किनकी आजको विश्व भनेको विश्व व्यापारिकरणको युग हो । एक ठाउँमा लगानी गरी उत्पादन भएको सामान विश्वको कुनै पनि कुनाका व्यक्तिहरुले उपयोग गर्न सक्छन् । त्यसैले सहकारीले आजको यस विश्व व्यापारिकरणको युगमा यूवाको भूमिकालाई सही ढंगले सदुपयोग गर्नु पर्दछ । आजको प्राविधिक यूग हो, सहकारीलाई युवा मैत्री बनाइ युवा शक्तिलाई सहयोग गर्न सकेको खण्डमा लगानी बढाई उत्पादनमा बृद्धि भई सहकारीलाई मात्र नभई जिल्ला, राष्ट्रिय आम्दानी समेत बृद्धि हुने देखिन्छ । आज हामीले आफ्नो क्षेत्रमा हुने वस्तुलाई जिल्लाका विभिन्न क्षेत्रमा पुऱ्याउनु पर्ने आवश्यकता रहेको छ । त्यसको लागि उत्पादन क्षेत्रमा लगानी गरी यूवाहरुको परिचालन गर्नु पर्दछ । यूवाहरुमा भएको प्राविधिक ज्ञान, सामाजिक ज्ञान, मनोवैज्ञानिक ज्ञानलाई सहकारी र उत्पादनको क्षेत्रमा लगाउने हो भने हाम्रा शेयर धनी मात्र होइन आफ्नो क्षेत्र मात्र पनि होइन मूलकको नै आर्थिक विकासले फड्को मार्ने निश्चित छ । नेपालको कानूनले १६ देखि ४० वर्ष उमेरका महिला, पुरुष र तेश्रोलिङ्गीहरुलाई यूवा भनेको छ । यस यूवाहरुमा स्फूर्ति, काम गर्न सक्ने ज्ञमता, अथक हुने गर्दछ । त्यसैले विभिन्न अर्थशास्त्रीहरुले मानिसको १६ देखि ५९ वर्ष उमेरसम्मका मानिसहरुलाई आर्थिक मानव र २० देखि ४५ वर्ष उमेरका व्यक्तिहरुलाई उच्च आर्थिक मानव भनी उल्लेख गरेको हुनाले सहकारीले उत्पादन क्षेत्रमा यूवाहरुलाई आकषर्ण गर्न र लगाउन सके सहकारीको आर्थिक स्तर उकास्न आफ्ना सदस्यहरुको आर्थिक हैसियत बलियो बनाउन यूवाको महत्वपूर्ण भूमिका हुने छ ।

युवा शेयर सदस्यलाई व्यवसायी बनाउन, युवा शेयर सदस्यहरुलाई एकिकृत गरी यूवा सञ्जाल बनाउन, अरु यूवा शेयर सदस्यहरुलाई व्यवसायी र उद्याशीलता हुन उत्प्रेरणा सिर्जना गर्न । उत्पादन क्षेत्रमा यूवालाई सहभागिता गराउन र व्यवसाय बनाउन, यूवा पुस्तालाई स्वरोजगार र व्यवसायी बनाउन, उत्पादन बढाउन, युवा शेयर सदस्यहरुको एवं नागरिकको आर्थिक हैसियत वृद्धि गर्न यस यूवा उपसमितिले अहम् भूमिका खेल्न सक्ने हुन सक्छ ।

अध्यक्ष एवं शेयरधनीज्यूहरु,

यूवा भनेको एक अजेय शक्ति एवं देशको निर्माणका आधार हुन, यस्तो शक्तिलाई विगतका दिनहरुमा हिमचुलीले ठोस योजना बनाइ अगाडि नबढाए पनि अवका दिनहरुमा जुन यूवाको शक्ति सहकारी अभियानमा सहभागिता गराउन, सहकारी अभियान्ताहरुले यूवालाई सहकारी क्षेत्रमा राम्रो गर्न प्रोत्साहित गर्न, सहकारीमा यूवाको सहभागिता बढाउन, युवाहरुलाई उद्यमी एवं व्यवसायी बनाउन योजना बनाइ अगाडि बढ्नु पर्ने आवश्यकता भएको छ । यस उप-समितिले अगामी दिनहरुमा केही महत्वपूर्ण कार्यहरु गर्ने छ भनी यस सम्मानित सभामा विश्वास दिलाउन चाहन्छु । त्यसैले केही योजना तथा सुझाव र सल्लाह पेश गरेको छु ।

१) सफल यूवा व्यवसायीलाई सम्मान गरी हौसला एवं अन्य यूवाहरुलाई उत्प्रेरणाको श्रोत बनाउने गर्ने ।
२) युवा व्यवसायी व्यवसाय गर्न चाहाने यूवा ऋणीहरुलाई उद्यशिलता तालिम तथा उत्पादन मूलक एवं कृषि तथा पशुपंक्षीका फर्मको अवलोकन भ्रमण गराउने ।
३) सहकारी यूवा र प्रविधि बनाउन सुझाव दिने र पहल गर्ने ।
४) यूवा शेयर सदस्यहरुको सञ्जाल वा हिमचुली यूवा समूह गठन गर्ने ।
५) यूवालाई शुलभ सरल प्रक्रियाबाट ऋण लगानी गर्ने र व्यवसाय बढाउने ।
६) यूवाहरुको सहभागितामा हिमचुली यूवा भेला गर्ने ।
७) वैदेसिक रोजगारबाट स्वदेश फिरेका यूवाहरुलाई व्यवसायी बनाउन विभिन्न उद्यमशिलता, सिपमूलक तालिम, व्यवसायीसँग अन्तरक्रिया गरी उत्प्रेरणा जगाउने ।
८) सहकारीमा यूवाको सहभागिता र चासो एवं सहकारीलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न यूवाहरुलाई समूह समूह बनाइ सहकारी शिक्षा दिने तथा यूवा सहकारी शिक्षाको अभियान चलाउने ।
९) यूवा शेयर धनी र यूवा उप-समिति एवं सञ्चालक समिति बीच अन्तरक्रिया कार्यक्रम गर्ने ।
१०) यूवा मैत्री, यूवा लक्षित, स्वरोजगार सिर्जना गर्ने, यूवा शक्ति परिचालन गर्न सहकारीले योजना बनाउने ।
११) यूवालाई आकर्षण गर्न सहकारीलाई प्रविधि मैत्री बनाउने ।
१२) सहकारी मार्फत स्वरोजगार सिर्जना गरी विदेश पलायन यूवालाई आकर्षण गर्ने र रोक्न प्रयास गर्ने ।

अन्तमा, यस युवा उप-समिति कार्यको लामो अनुभव नभएको, कार्य दक्षताको हिसावले अझै काचै रहेको । यस कारण, यस उपसमितिलाई अझ क्रियाशिल, सक्रिय, मार्ग निर्देशन, सुझावहरु दिनुहुन सवैलाई हार्दिक अनुरोध गर्दै यस प्रतिवेदन यहि अन्त गर्दछु ।

**धन्यवाद,**

**जय हिमचुली ! जय सहकारी ! !**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औं वार्षिक साधारण सभामा प्रोवेशन कार्यदलवाट प्रस्तुत प्रतिवेदन

संयोजक : श्री सुशील अर्याल
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. ७, नयाँबजारमा अबस्थित यस हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कून) को पूर्ण तथा ब्यबसायिक साकोस बिकास कार्यक्रम (Programme for Building Absoulate and Professionalization - PROBATION) मा २०७२ सालमा नेफ्स्कूनबाट संचालित प्रोबेशन कार्यक्रममा सहभागी भई आफ्नो गतिबिधि अगाडि बढाइरहेको छ । प्रोबेशनमा उल्लेखित सूचकांकको आधारमा यस संस्था, नीति, बिधि र प्रबिधिलाई पूर्ण रुपमा कार्यान्वयन गरी संस्थाको दीगो बिकास र बित्तीय शुद्धता कायम राख्न निरन्तर अगाडि बढिरहेको छ । संस्थाको नीति बमोजिम प्रोबेशन कार्यक्रमलाई अगाडि बढाउन एक जिम्मेवार कार्यदल बनाई पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने भएकोले सोही बमोजिम मेरो नेतृत्वमा ५ सदस्यीय समिति गठन भएको छ । त्यस कार्यदलले आफ्नो क्षमताले भ्याए सम्म कार्य गर्दै आइरहेको ब्यहोरा यहाँहरु समक्ष बिनम्र अनुरोधका साथ जानकारी गर्दछु । यस प्रोबेशन कार्यदलले नियमित मासिक बैठक हुनु भन्दा केही दिन अगाडि आफ्नो कार्यदलको बैठक बसी संस्था सञ्चालन र प्रोबेशन सम्बन्धी प्राप्त सुझावहरुलाई कार्यान्यन गर्न ब्यबस्थापन पक्षको समेत उपस्थितिममा संस्थाको बित्तीय समस्या र त्यस समस्याको समाधानका उपायहरु केलाई प्राप्त निष्कर्षको आधारमा सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी थप प्रभाबकारी बनाउने कार्य गरिरहेको छ । प्रोबेशनको ब्राण्ड प्राप्त गर्नका लागि त्यसमा उल्लेखित बिभिन्न सूचकांकहरु जस्तै : - बाह्र महिना भन्दा बढी र कम भाखा नाघेको ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोष, असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था, संस्थाको तिर्न सक्ने क्षमता, कूल सम्पत्तिको अनुपातमा शुद्ध ऋण लगानी, कूल सम्पत्तिकै अनुपातमा तरल लगानी र बित्तीय लगानी, यसै गरी कूल सम्पत्तिको अनुपातमा गैर बित्तीय लगानी, कूल बचत निक्षेप, बाह्य ऋण, सदस्य संख्याको बृद्धिदर, कूल बचत निक्षेपको अनुपातमा तरल जगेडा मौज्दात, औषत कूल संपत्तिको अनुपातमा संचालन खर्च, औषत पूँजीको अनुपातमा लाभांश बितरण, लगायत बिभिन्न उल्लेखित कुराहरु नियमानुसार पुरा गर्नु पर्दछ । ती बिभिन्न आवश्यक पक्षहरुलाई पुरा गर्न कार्यदल हरदम लागि परिरहेको छ । तर ती सूचकांकहरु मध्ये सबै भन्दा जटिल पक्ष भाखा नाघेको ऋण हुन आउछ । हुत त बित्तीय कारोबार गर्ने सहकारीहरुको मुख्य ध्येय नै ऋण लगानी र उठती नै हो । यो भन्दैमा बित्तीय अनुसाशन कायम गर्न छोडनु हुँदैन र छोडिने पनि छैन । त्यसैले त यस हिमचुली साकोसले पर्ल्सको औजारहरुलाई लागू गरी संस्थामा

बित्तीय शुद्धता कायम गर्न सफल भएको छ । प्रोबेशन ब्राण्ड प्राप्त गर्नको लागि अन्तिम लेखापरीक्षण गराउन अरु सूचाकांकहरु सबै ठीक हुँदा हुँदै पनि भाखा नाघेको ऋणको अनुपात ५% भन्दा कम नभएकोले प्रोबेशनको अन्तिम लेखापरीक्षण गर्न सकिएको छैन । त्यस कारण ऋणको सेवा लिनु भएका सदस्यहरुले आफ्नो ऋणको किस्ता भाखा ननघाई समयमा नै बुझाइदिनु हुनको लागि प्रोबेशन कार्यदलको संयोजकको हैसियतले यहाँहरु समक्ष बिनम्र अनुरोध गर्दछु । म यो पनि अनुरोध गर्न चाहन्छु कि प्रोबेशन सुचाकांक र नेफ्स्कूनको निर्देशन अनुसार, सहकारी ऐन र नेपाल सरकारको प्रचलित कानून बमोजिम कानूनको दायरा भित्र रही समस्याग्रस्त ऋणीहरुको जमानतलाई लिलामी प्रक्रियाद्वारा संस्था ऋण असुल गर्न बाध्य हुनेछ । ऋणी सदस्यहरुले सकारात्मक र रचनात्मक सहयोग नगरी संस्थाले प्रोबेशन ब्राण्ड प्राप्त गर्न कठिन हुनेछ । त्यसैले यहाँहरुको भूमिका महत्वपूर्ण रहेको छ ।

सम्पूर्ण शेयर धनी महानुभाबहरु,

आगामी दिनहरुमा यहाँहरुको भूमिका अझ सशक्त, जुझारु र एकाकार भई संस्थालाई सहयोग गरी दिनुहुन पनि आग्रह गर्दछु । यहाँहरुको पूर्ण साथ समर्थन पाएको खण्डमा आगामी बर्ष प्रोबेशनको अन्तिम लेखा परीक्षण गराई ब्राण्ड लिनको लागि गठित कार्यदल, सञ्चालक समिति, ब्यबस्थापन पक्ष पूर्ण रुपमा कटिबद्धताका साथ लागि परिरहेको कुरा पनि अनुरोध गर्न चाहन्छु । यसको साथै नेफ्स्कूनबाट बेला बेलामा भइरहेको अनसाइट भिजिटबाट प्राप्त सुझाबहरु र निर्देशनलाई पनि यस कार्य दलको सिफारिसमा सञ्चालक समितिको अनुमोदन पश्चात ब्यबस्थापन तहले कार्यान्वयनमा ल्याइरहेको छ । जसले गर्दा संस्थामा बित्तीय शुद्धता प्राप्त गर्न मद्दत पुगेको छ । पर्ल्सका बित्तीय सूचकांकहरुलाई उचित अबस्थामा राखी संस्था मजबुतिकरण तर्फ अगाडि बढिरहेको छ र संस्था मजबुतिकरण पनि भएको छ । आगामी दिनहरुमा संस्था झन बिश्वासिलो र मजबुतिकरण हुने बिश्वास लिएको छु । यी सबै उल्लेखित कार्यहरु यहाँहरु कै संस्था प्रतिको बिश्वास, लगनशिलता, उत्साह, जाँगर, हौसला, जबाफदेहिता, उत्तरदायित्व बोधबाट प्राप्त भएको हो । यतिमात्र नभई यहाँहरुले संस्था मजबुतिकरण, आर्थिक पारदर्शिता र जबाफ देहितालाई बिश्वास गर्दै यहाँहरुले दिनु भएको जिम्मेवारीलाई पूर्ण पालना गर्दै आगामी दिनहरुमा पनि थप जिम्मेवारी बन्दै संस्थाको ध्येय, लक्ष्य र उद्देश्य पुरा गर्ने बिश्वास दिलाउन चाहन्छु । सम्पूर्ण शेयर धनी महानुभाबहरुलाई म संस्था प्रति गर्भ महसुश गर्न अनुरोध गर्दै प्रोवेशन कार्यदलको प्रतिबेदन यही बिट मार्ने अनुमति गाग्दछु ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

३१ औं वार्षिक साधारण सभामा व्यवसाय प्रवर्द्धन उपसमितिद्धारा प्रस्तुत प्रतिवेदन

संयोजक : श्री केशव वस्नेत
मिति : २०८० असोज २७ गते
स्थान : संस्थाको रजत हल

हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यू, सल्लाहकार, लेखा सुपरिवेक्षण समितिका संयोजक, पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमिति, क्षेत्रीय समिति र उपस्थित सम्पूर्ण प्रतिनिधि शेयर धनी महानुभावहरुमा सहकारी अभिवादन ब्यक्त गर्दछु ।

अध्यक्ष एवं शेयर धनीज्यूहरु,

गोरखा नगरपालिका भित्र नीति, विधि र प्रविधिमा आधारित रहेर सञ्चालित सबैभन्दा ठूलो र लोकप्रिय यस संस्थाको सञ्चालक समिति सदस्य एवं व्यवसाय प्रवर्द्धन उपसमितिको संयोजक भई आफूले जानेको विषयको प्रयोग र यस संस्थाबाट कामको शिलशिलमा धेरै कुरा सिक्ने अवसर पाइ यस सम्मानित सभामा प्रतिवेदन प्रस्तुत गर्ने सुअवसर पाउँदा आफूलाई भाग्यमानी ठानेको छु ।

गोरखा नगरपालिकामा लामो इतिहास बोकेको यस सहकारी, बौद्धिक एवं समाजमा स्थापित व्यक्तित्व भएका समूहबाट आफ्नो समाज, क्षेत्र, ठाउँ, जिल्लामा अत्यावश्यक ठानी, छरिएका स्थानीय श्रोत, साधन, पूँजीलाई एकिकृत गरी शेयर सदस्यहरुको आवश्यकता पहिचान गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि स्थापित यस संस्थाले आज ३१ औं वार्षिक साधारण सभा सम्पन्न गर्न लागिरेहको छ ।

सदस्यहरुको बचत संकलन र ऋण लगानी त एक पाटो हुदै हो, यो भन्दा माथि उठेर ब्यवसायिक रुपमा केही गर्छु भन्ने जोस र उत्साह बोकेका शेयर सदस्यहरुलाई थप उत्प्रेरणा जगाउने कार्यमा यो उप समिति क्रियाशिल रही रहेको छ । सानो लगानीको अभावमा पनि ब्यवसाय सञ्चालन गर्न असमर्थ भएका वा गर्दै गरेको ब्यवसायमा थप लगानीको आवश्यकता महशुस भएका सदस्यहरुको हितलाई ध्यानमा राखी यस उप समितिले कार्य गर्दै आइरहेको छ । आवश्यकता अनुसार सदस्यहरुको ब्यवसाय अवलोकन गरी तत्कालै उप समितिको वैठक बसेर अधिकतम रु. २,००,०००।- अक्षरुपी दुई लाख सम्म ऋण लगानी गर्न ब्यवस्थापन तहलाई सिफारिस गर्दै आइरहेको छ । जस अनुसार यस वर्ष ३ जना शेयर सदस्यहरु यो सेवाबाट लाभान्वित हुनु भएका छन् । खुशीको कुरा यसरी लगानी भएको ऋणको किस्ता मासिक रुपमा आइरहेको ब्यवस्थापन तहबाट जानकारीमा आएको छ । यहाँहरुको ब्यवसाय थप फस्टाउदै जाओस हामी यही शुभकामना ब्यक्त गर्न चाहन्छौं ।

अध्यक्ष एवं शेयर धनीज्यूहरु,

बिगतका कार्यक्रमहरुलाई निरन्तरता दिदै समाजको आवश्यकतालाई ध्यानमा राखी निष्कृय रहेको जाँगरलाई सीपमा बदली नगदमा रुपान्तरण गर्ने उद्देश्य व्यवसाय प्रवर्द्धन उप समितिको रहेको छ । सोही अनुरुप वार्षिक कार्यक्रमको रुपमा विभिन्न तालिमहरुको आयोजना सञ्चालक समितिको निर्णय अनुसार सञ्चालन गरिने छ । जसमा,

| | |
|---|---|
| १. कपाल काट्ने तालिम | २. टुरिस्ट गाइड सम्वन्धी तालिम |
| ३. च्याउ खेती | ४. ब्यूटिसियन तालिम |
| ५. कृषि सम्वन्धी | ६. बंगुर पालन |
| ७. वायरिङ्ग र प्लम्बिङ्ग | ८. कुक सम्वन्धी |
| ९. कम्प्यूटर तालिम | १०. कर सम्वन्धी जानकारी |
| ११. मौरी पालन | |

जस्ता तालिमहरु रहेका छन् । हामीलाई आसा छ यहाँहरु उल्लेखित तालिमहरुमा सहभागी भई स्वरोजगार बनी आफ्नो आर्थिक स्तर माथि उठाउन सफल हुनु हुनेछ ।

अन्तमा नजिकिदै गरेको हिन्दु नेपालीहरुको महान चाड बडा दशैं तथ नवदुर्गा पूजा, तिहार, छठ लगायत विभिन्न जात जातिले मनाउने चाड पर्वहरुले यहाँको जीवनमा थप उत्साह र उमङ्ग ल्याओस, ब्यवसायमा अरु सफलता प्राप्त भइरहोस यही शुभेच्छा प्रकट गर्दै तपाइहरुको उचित सल्लाह र सुझावको अपेक्षा सहित प्रतिवेदनको अन्त्य गर्दछु ।

धन्यवाद,

जय हिमचुली ! जय सहकारी ! !

# यस वर्ष दिवंगत हुनु भएका संस्थाका शेयर सदस्यहरु प्रति

# हार्दिक श्रद्धाञ्जली



स्व. हर्कमान श्रेष्ठ

शे.द.नं. : ३१



स्व. सरला आचार्य

शे.द.नं. : ४६



स्व. भारती देवी श्रेष्ठ

शे.द.नं. : ९४



स्व. तिर्थ नारायण श्रेष्ठ

शे.द.नं. : १७५



स्व. विनोद खत्रि

शे.द.नं. : २०९



स्व. जानकी देवी आचार्य

शे.द.नं. : २८९



स्व. फत्त बहादुर राना मगर

शे.द.नं. : १२७२



स्व. श्रीराम भुसाल राना

शे.द.नं. : १७००

**अध्यक्ष**

**एवं**

**हिमचुली साकोस परिवार**

**गो.न.पा.–७, नयाँबजार, गोरखा**

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

**१. ध्येयः-**

शेयर सदस्यहरुलाई सरल र सुलभ रुपमा ऋण तथा अन्य आवश्यक सेवाहरु उपलब्ध गराई उद्यमशिलता मार्फत स्वावलम्बी, आत्मनिर्भर र स्वतन्त्र नागरिकको रुपमा विकास गराई शोषण रहित समाजको विकास गर्ने ।

**२. परिकल्पनाः-**

संस्थाको कार्यक्षेत्र भित्रका वहु संख्यक नागरिकहरुलाई संस्थामा आवद्ध गराई समतामूलक समाजको सृजना गर्न सबल, सक्षम एक अग्रणी संस्थाको रुपमा स्थापित गर्ने ।

**३. उद्देश्यः-**

(१) आम व्यक्तिहरुलाई बचत गर्न उत्प्रेरित गराई सुरक्षित भविष्यको सुनिश्चितता कायम गर्ने ।
(२) बचतको समुचित परिचालन गरी सदस्य तथा समुदायको जीवनस्तर उच्च गरी न्यायोचित समाजको सृजना गर्ने ।
(३) कार्यक्षेत्र भित्रका सवै नागरिकहरुलाई संगठित गरी नेतृत्व क्षमताको विकास गरी विकासको मूल प्रवाहमा सहभागिता गराउने ।
(४) ऐक्यवद्धता, मेलमिलाप र सामाजिक सद्भाव कायम गरी "एकका लागि सवै र सवैका लागि एक" भन्ने भावना जागृत गराई सुसंस्कृत समाजको निर्माण गर्ने ।
(५) शिप, ज्ञान र क्षमताको विकास गरी उत्पादनमूलक, आयमूलक र रोजगारमूलक ब्यवसाय गर्न उन्मुख गराउने ।
(६) सामूहिक उद्यमशिलतालाई विशेष सरलीकरण एवं सहजीकरण गर्दै सहकार्यको भावना जागृत गर्ने ।
(७) सहकारी शिक्षा एवं वित्तिय साक्षरताको माध्यमवाट सदस्य तथा समुदायलाई सहकारी जीवनको एक अभिन्न अंगको रुपमा विकास गरी दीगो विकास लक्ष्य हाँसिल गर्ने ।
(८) जन्मदेखि मृत्यु पर्यन्तसम्म मानव समुदायमा सामाजिक क्रियाकलापको माध्यमवाट समाजमा सदाचारिताको भावना विकास गर्ने ।
(९) समग्रमा उद्यमशिल, शिपयुक्त र ब्यवसायिक वनाई सदस्य तथा समुदायको आर्थिक, सामाजिक र सॉस्कृतिक रुपान्तरण गरेर समतामूलक समाजको स्थापना गर्ने ।

**४ हिमचुलीमा नै सदस्य किन ?**

१) संस्थाको आफ्नै सुविधायुक्त भवनमा कार्यालय सञ्चालन
२) सदस्यता सधै खुल्ला
३) प्रजातान्त्रिक विधि र प्रक्रियावाट सञ्चालित
४) संस्थामा आवश्यक विनियम, नीति, कार्यविधिहरु भएको
५) जिल्ला एवं राष्ट्रिय रुपमा नै पहिचान प्राप्त भएको
६) शेयर सदस्यहरुको सुविधाको लागि सीमित बैंकिङ्ग कार्यक्रम सञ्चालन भएको
७) प्रत्येक वर्ष नियमित रुपमा साधारण सभा एवं लेखा परीक्षण सम्पन्न भएको
८) स्थापना कालदेखि नै विश्वसनियता प्राप्त गर्दै आएको
९) संस्था सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत वनाइएको
१०) गैह्र शेयर सदस्यका विपन्न एवं असहाय विद्यार्थीहरुलाई समेत छात्रवृत्ति दिने कार्यक्रम रहेको
११) न्यून शेयर रकममा पनि सदस्यता प्रवेश
१२) ६० वर्ष उमेर पूरा भएका ब्यक्तिलाई समेत सदस्यता प्रवेश खुल्ला
१३) संस्थाको दीगो विकासको लागि विश्वसनियता हासिल गरी गुणस्तर सुनिश्चितताको ब्राण्ड प्राप्त गर्न प्रोवेशन (PROBATION) कार्यक्रममा समावेश भएको
१४) संस्थागत सामाजिक उत्तरदायित्वको भावनालाई अङ्गिकार गरेको
१५) सहकारीको मूल्य, मान्यता, आदर्श र सिद्धान्त बमोजिम सञ्चालनमा रहेको
१६) संस्थागत वित्तिय अवस्थालाई सन्तुलनमा राख्न पर्ल्स विश्लेषण पद्धति अपनाइएको
१७) प्रत्येक वर्ष शेयर सदस्यहरुलाई नियमानुसार लाभांश प्रदान गरिदै आएको
१८) संस्थाको सुदृढिकरणको लागि ५ वर्षे रणनीतिक योजना अनुसार कार्य भै राखेको
१९) आ.व. २०६२/०६३ मा तत्कालिन डिभिजन सहकारी कार्यालय, दमौली, तनहुँवाट गोरखा जिल्लाको उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत र सम्मानित गरिएको
२०) नेफ्स्कूनको ३२ औं स्थापना दिवशको अवसरमा नेफ्स्कूनवाट यस संस्थालाई आ.व. २०७६/०७७ को उत्पादन तथा सेवा तर्फ उत्कृष्ट योगदान पुर्‍याए वापत उच्च मूल्याङ्कन सहित प्रशंसा पत्र प्राप्त भएको
२१) संस्थाले जम्मा गरेको बचत रकमको ब्याज र ऋण वापत संस्थालाई नियमानुसार वुझाएको ब्याज रकमको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई फिर्ता गर्ने गरेको
२२) आधुनिक प्रविधि विस्तार तर्फ उन्मुख रहेको
२३) गोरखा नगरपालिकाबाट नगरपालिका भित्रका सहकारीहरु मध्ये उत्कृष्ट सहकारीको रुपमा रु. ५०,०००।- पुरस्कार प्राप्त गरेको